# प्रदेश राजपत्र


गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०६) पोखरा, असार ३१ गते, २०८० साल (अतिरिक्ताङ्क १२


## भाग १

गण्डकी प्रदेश सरकार

### मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

नेपालको संविधान बमोजिम प्रदेश सभाले बनाएको देहाय बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

संवत् २०८० सालको ऐन नं. २

**<u>गण्डकी प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन</u>**

**<u>प्रस्तावनाः</u>** गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०८०/८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न राजस्व सङ्कलन गर्ने, कर घटाउने, बढाउने र छुट दिने तथा राजस्व प्रशासन सम्बन्धी प्रचलित प्रदेश कानूनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम " गण्डकी प्रदेश आर्थिक ऐन, २०८०" रहेको छ।

(२) यो ऐन सम्वत् २०८० साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।

२. **घरजग्गा लगायतको रजिष्ट्रेशन शुल्कः** (१) प्रदेशभित्र अनुसूची-१ बमोजिम घरजग्गा लगायतको रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर लगाइने र असुल गरिनेछ।

(२) उपदफा (१) बमोजिमको शुल्क तथा दस्तुरको सङ्कलन सम्बन्धित गाउँपालिका वा नगरपालिकाले गर्नेछ।

तर सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट घरजग्गा लगायतको रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर उठाउने कार्यको व्यवस्थापन नभएसम्मका लागि मालपोत कार्यालयले उक्त शुल्क तथा दस्तुर सङ्कलन गरी बाँडफाँट गर्नेछ।

३. **सवारी साधन करः** (१) प्रदेशभित्र अनुसूची-२ बमोजिम सवारी साधन कर लगाइने र असुल गरिनेछ।

(२) उपदफा (१) बमोजिमको सवारी साधन कर बापतको रकम मध्ये साठी प्रतिशत रकम प्रदेश सञ्चित कोषमा र चालीस प्रतिशत रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

(३) प्रदेशभित्र अनुसूची-३ बमोजिम सवारी तथा यातायात व्यवस्थापन सम्बन्धी दस्तुर तथा शुल्क लगाइने र असुल गरिनेछ।

(४) उपदफा (१) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सा (ई-रिक्सा) मा गाउँपालिका वा नगरपालिकाले सवारी साधन कर लगाउनेछ।

(५) उपदफा (१) र (३) बमोजिमको कर, दस्तुर तथा शुल्कको प्रशासन प्रदेश सरकारबाट हुनेछ।

४. **मनोरञ्जन करः** (१) प्रदेशभित्र अनुसूची-४ बमोजिम मनोरञ्जन कर लगाइने र असुल गरिनेछ।

(२) उपदफा (१) बमोजिमको मनोरञ्जन करको प्रशासन र बाँडफाँट गाउँपालिका वा नगरपालिकाले प्रदेश कानून बमोजिम गर्नु पर्नेछ।

५. **विज्ञापन करः** (१) प्रदेशभित्र विज्ञापन सामग्री राखे बापत सम्बन्धित स्थानीय तहले कानून बमोजिम विज्ञापन कर लगाई असुल गर्नेछ।

(२) उपदफा (१) बमोजिमको विज्ञापन करको बाँडफाँट प्रदेश कानून बमोजिम हुनेछ।

६. **कृषि आयमा कर:** (१) प्रदेशभित्र उत्पादित कृषि उपजको बिक्रिबाट प्राप्त आयमा अनुसूची-५ बमोजिम कर लगाइने र असुल गरिनेछ।

(२) उपदफा (१) बमोजिमको कर कृषि तथा भूमि व्यवस्था मन्त्रालय अन्तर्गतको कृषि ज्ञान केन्द्रले सङ्कलन गरी प्रदेश सञ्चित कोषमा दाखिल गर्नु पर्नेछ।

७. **पर्यटन शुल्क:** (१) प्रदेशभित्र अनुसूची-६ बमोजिम पर्यटन शुल्क लगाइने र असुल गरिनेछ।

(२) उपदफा (१) बमोजिमको पर्यटन शुल्क उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गतको पर्यटन तथा उद्योग कार्यालयले सङ्कलन गरी प्रदेश सञ्चित कोषमा दाखिल गर्नु पर्नेछ।

८. **प्राकृतिक स्रोत शुल्क:** (१) प्रदेश भित्र माटो, ढुङ्गा, गिट्टी, बालुवा, स्लेट चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा, अभ्रख र दहत्तर बहत्तरको सङ्कलनमा अनुसूची -७ बमोजिम शुल्क लगाइने र असुल गरिनेछ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि नदीजन्य पदार्थ प्रशोधन गरी ढुङ्गा, गिट्टी, बालुवा, धुलो ग्राभेल उत्पादन गर्ने उद्योगमा अनुसूची-८ बमोजिम शुल्क लगाइने र असुल गरिनेछ। यस्तो शुल्क सम्बन्धित उद्योग दर्ता रहेको पर्यटन तथा उद्योग कार्यालयले सङ्कलन गरी प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

(३) माटो, ढुङ्गा, गिट्टी, बालुवा, स्लेट चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा, अभ्रख र दहत्तर बहत्तरको उत्खनन्, सङ्कलन, प्रशोधन वा बिक्री वितरणमा यस ऐनको उल्लङ्घन गरेको पाइएमा अनुसूची -९ बमोजिम जरिबाना लगाइने र असुल गरिनेछ ।

(४) उपदफा (१) बमोजिमको शुल्क र उपदफा (३) बमोजिमको जरिबाना रकम स्थानीय तहले सङ्कलन गरी स्थानीय तहको विभाज्य कोषमा जम्मा गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम स्थानीय विभाज्य कोषमा जम्मा भएको रकम बाँडफाँट गरी साठी प्रतिशत रकम स्थानीय तहको सञ्चित कोषमा र चालीस प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिल गर्नु पर्नेछ।

(६) निर्धारित मापदण्ड बमोजिम सञ्चालन नभएका नदीजन्य पदार्थको प्रशोधन उद्योगले यो ऐन प्रारम्भ भएको मितिले छ महिनाभित्र औद्योगिक क्षेत्र, स्थानीय उद्योग ग्राम वा प्रचलित कानून र मापदण्ड बमोजिमको क्षेत्रमा स्थानान्तरण वा ठाउँसारी गरी सोको प्रमाण पेस गरेमा देहाय बमोजिम छुट सहुलियत प्रदान गरिनेछ:-

(क) मापदण्ड विपरित क्रसिङ, वासिङ उद्योग सञ्चालन गर्दा हुने जम्मा वार्षिक जरिबानामा नब्बे प्रतिशत,

(ख) नदीजन्य पदार्थ प्रशोधन उद्योग दर्ता शुल्कमा पचास प्रतिशत,

(ग) नदीजन्य पदार्थ प्रशोधन उद्योगको जम्मा नवीकरण शुल्कमा पचहत्तर प्रतिशत।

(७) स्थानीय तहले यस ऐनमा तोकिए बमोजिमको दरमा नघट्ने गरी उपदफा (१) बमोजिमको सामग्रीमा बिक्री मूल्य तोक्न सक्नेछ।

(८) प्रदेशभित्र वन पैदावार बिक्रीमा अनुसूची-१० बमोजिम शुल्क लगाइने र असुल गरिनेछ ।

९. <u>**वातावरण व्यवस्थापन दस्तुरः**</u> (१) प्रदेशभित्र सिमेन्ट उत्पादन गर्ने उद्योगलाई उत्पादित सिमेन्ट निकासी गर्दा प्रति किलोग्राम दुई पैसाको दरले वातावरण व्यवस्थापन दस्तुर लगाइने र असुल गरिनेछ।

(२) प्रदेशभित्रका उद्योगबाट बिना प्रशोधन फोहोर निष्कासन गरेमा पहिलो पटक भए दुई हजार रुपैयाँ र पुनः दोहोराएमा प्रत्येक पटक दुई हजार पाँचसय रुपैयाँ वातावरण व्यवस्थापन दस्तुर लाग्नेछ।

(३) सिमेन्ट उत्पादन गर्ने उद्योगले उपदफा (१) र (२) बमोजिमको दस्तुर उद्योग रहेको जिल्लास्थित पर्यटन तथा उद्योग कार्यालय मार्फत प्रदेश सञ्चित कोषमा दाखिल गर्नु पर्नेछ।

१०. <u>**अन्य राजस्वः**</u> (१) शैक्षिक परामर्श सेवा, पूर्व तयारी कक्षा र भाषा सिकाई केन्द्रको सञ्चालनमा अनुसूची-११ बमोजिम अनुमति तथा नवीकरण शुल्क लगाइने र असुल गरिनेछ।

(२) प्रदेशभित्र निर्माण सामग्री परीक्षण (प्रयोगशाला) मा अनुसूची-१२ बमोजिम शुल्क लगाइने र असुल गरिनेछ ।

(३) उपदफा (१) बमोजिमको राजस्व रकम जिल्लास्थित पर्यटन तथा उद्योग कार्यालयले र उपदफा (२) बमोजिमको राजस्व रकम पूर्वाधार विकास निर्देशनालय तथा जिल्लास्थित पूर्वाधार विकास कार्यालयले सङ्कलन गरी प्रदेश सञ्चित कोषमा दाखिल गर्नु पर्नेछ।

(४) सम्बन्धित प्रदेश कानून तर्जुमा नहुँदासम्म प्रदेश सरकारका विषयगत मन्त्रालयले प्रदान गर्ने सेवामा कार्यविधि बनाई शुल्क लगाउन सक्नेछ। यसरी सङ्कलित सेवा शुल्क सम्बन्धित मन्त्रालय वा निकायले प्रदेश सञ्चित कोषमा दाखिल गर्नु पर्नेछ।

११. <u>**दर घटाउन, बढाउन वा छुट दिन सक्नेः**</u> (१) प्रदेश सरकारले आवश्यकता अनुसार यो ऐन र अन्य प्रचलित कानून बमोजिम लगाइएका कर, दस्तुर, महशुल

र शुल्कको दर घटाउन, बढाउन वा त्यस्तो कर, दस्तुर, महशुल र शुल्क आंशिक रूपमा छुट दिन सक्नेछ।

तर नेपाल सरकार र प्रदेश सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा प्रतिबद्धता जनाएका विषयमा प्रदेश सरकारले पूर्ण रुपमा छुट दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम कर, दस्तुर, महशुल र शुल्कको दर बढाइएको, घटाइएको वा कुनै कर, दस्तुर, महशुल र शुल्क छुट दिइएको विवरण प्रत्येक वर्ष गण्डकी प्रदेश सरकार, आर्थिक मामिला मन्त्रालयले प्रदेश सभामा पेस गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम कर, दस्तुर, महशुल र शुल्कको दर बढाइएको, घटाइएको वा छुट दिइएको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम दिइएको छुट सुविधाको कसैले दुरूपयोग गरेमा वा कुनै खास प्रयोजनको लागि छुट सुविधामा प्राप्त गरेको मालवस्तु वा सेवा अन्य प्रयोजनको लागि प्रयोग गरेमा त्यसरी छुट दिइएको कर, दस्तुर, महशुल र शुल्कको रकम असुल गरी सो बराबरको रकम जरिबाना गरिनेछ।

१२. **प्रक्रिया सरलीकरण गर्न वा बाधा अड्काउ फुकुवा गर्न सक्नेः** (१) प्रचलित कर सम्बन्धी कानून तथा यस ऐनको कार्यान्वयनको क्रममा सार्वजनिक शान्ति र सुव्यवस्थामा गम्भीर खलल पुगेमा वा सार्वजनिक आवागमनमा अवरोध भएमा वा विपद्को कारणले उल्लिखित कानूनले प्रदान गरेको कुनै सुविधा उपभोग गर्न नपाउने अवस्था सिर्जना भएमा, कुनै जटिलता देखिएमा वा उल्लिखित कानून तथा यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ पर्न गएमा गण्डकी प्रदेश सरकार, आर्थिक मामिला मन्त्रालयले आवश्यकता अनुसार अवधि थप गर्न, प्रक्रिया सरलीकरण गर्न वा कार्यान्वयनमा देखिएको बाधा अड्काउ फुकुवा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम बाधा अड्काउ फुकुवा गरेको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

१३. **साविकको व्यवस्था कायम रहनेः** (१) यस ऐनमा व्यवस्था भए बाहेकका अन्य विषयमा विभिन्न निकायबाट सेवा प्रदान गर्दा उठाइएका कर, गैरकर, दस्तुर, सेवा शुल्क तथा महशुल अर्को कानूनी व्यवस्था नभएसम्म प्रचलित कानून बमोजिम साविकमा रहेको दर नै यथावत् कायम रहनेछ।

(२) राजस्व दाखिल गर्ने सम्बन्धी अन्य व्यवस्था गण्डकी प्रदेश सरकार, आर्थिक मामिला मन्त्रालयबाट तोकिए बमोजिम हुनेछ।

१४. **<u>प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ मा संशोधनः</u>** प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ को दफा १७६ को सट्टा देहायको दफा १७६ राखिएको छः-

"**१७६. जरिबाना गर्न सक्नेः** दफा १७३ बमोजिमको कर नबुझाएमा तोकिएको अधिकारीले सवारी साधन करको अतिरिक्त देहाय बमोजिम जरिबाना गर्न सक्नेछः-

(क) म्याद नाघेको ३० दिनसम्म पाँच प्रतिशतका दरले,

(ख) त्यसपछिको ४५ दिनसम्म दश प्रतिशतका दरले,

(ग) त्यसपछि सो आर्थिक वर्षको अन्त्यसम्म बीस प्रतिशतका दरले,

(घ) त्यसपछिको पहिलो आर्थिक वर्षको अन्त्यसम्म चालीस प्रतिशतका दरले,

(ङ) त्यसपछिको दोस्रो आर्थिक वर्षको अन्त्यसम्म साठी प्रतिशतका दरले,

(च) त्यसपछिको तेस्रो आर्थिक वर्षको अन्त्यसम्म असी प्रतिशतका दरले,

(छ) त्यसपछिको चौथो आर्थिक वर्षको शुरुदेखि र म्याद सकिएको पाँच वर्षसम्म एकसय प्रतिशतका दरले।"

**अनुसूची-१**

(दफा २ सँग सम्बन्धित)

**घर जग्गा लगायतको रजिष्ट्रेशन शुल्क**

**क. घर जग्गा लगायतका रजिष्ट्रेशन शुल्क**

| क्र.सं. | लिखतको प्रकार | रजिष्ट्रेशन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | |
|---|---|---|---|---|
| | | महानगर / उप-महानगरपालिका | नगरपालिका | गाउँपालिका |
| १. | **राजीनामा, सट्टापट्टा, सगोलनामा र छोडपत्रको लिखतः** | - | - | - |
| | (क) राजीनामा, सट्टापट्टा र सगोलनामा (हस्तान्तरण गरिने जग्गाको थैली अङ्कमा मात्र) | ५% | ४% | २% |
| | (ख) सामुहिक आवास योजना अन्तर्गत निर्मित भवन आवास इकाईको मूल्यलाई न्यूनतम थैली अङ्कमा (प्रत्येक आर्थिक वर्ष स्थानीय तहले किटानी गर्ने प्रति वर्ग फिटको न्यूनतम मूल्यलाई न्यूनतम थैली अङ्क कायम गर्ने)। | ४% | २% | १% |
| | (ग) सामुहिक आवास योजना अन्तर्गत निर्मित भवन सहितको घर जग्गाको लिखतको थैली अङ्कमा | ५% | ४% | २% |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | (घ) छोडपत्र (आफ्नो हक हिस्सा बराबरको थैली अङ्कमा)<br>(अ) तीन पुस्ता भित्रको<br><br>(आ)तीन पुस्ता बाहिरको | <br><br>बकसपत्र सरह<br><br>५% | <br><br>बकसपत्र सरह<br><br>४.५% | <br><br>बकसपत्र सरह<br><br>३% |
| २. | **दर्ताफारी:** दुई वा दुई भन्दा बढी संयुक्त दर्तावालाका नाममा संयुक्त दर्ता कायम भएको जग्गा दर्ताफारी गर्दा हक हस्तान्तरण हुने भाग हिस्साको मात्र राजस्व लाग्नेछ।<br>तर अन्तिम पटक दर्ताफारी गर्दा बाँकी रहेको पुरै जग्गाको राजस्व लाग्नेछ। पैतृक सम्पत्तिको हकमा नामसारी भै आएको अवस्थामा हकवालाहरुले एकैपटकमा तोकिएको राजस्व तिरी दर्ताफारी गरी आ-आफ्नो हकहिस्सा लिन पाउनेछन्। | ३% | २% | १.५% |

| | | | | |
|---|---|---|---|---|
| ३. | **(क) हालै देखिको बकसपत्रको लिखतको थैली अङ्कमाः-** आमा, बाबु, आमा र बाबु दुवैपट्टिका हजुरबुवा, हजुरआमा, पति, पत्नी, दाजु, भाउजू, भाइ, भाइबुहारी, दिदी, बहिनी, छोरा, छोराबुहारी, छोरी, जेठाजु, जेठानी, देवर, देउरानी, मामा, माइजू, भाञ्जा, भाञ्जी, भतिजा, भतिजी, दुवैपट्टिका नाति र नातिनी, नातिनीबुहारी, काका, काकी, बाबुतर्फका ठूलोबुवा र ठूलीआमा, आमाजु, नन्द, सौता-सौता र एकै दाजु भाईको छोरा, छोरी, फूपू, भतिजा, भतिजीबीच। | | | |
| | (अ) रू.१ लाखसम्मको थैली अङ्कमा | १.५% | १% | ०.५% |
| | (आ) रू.१ लाखभन्दा माथि रू. ५ लाखसम्मको थैली अङ्कमा | २.५% | २% | १% |
| | (इ) रू. ५ लाखभन्दा माथि जतिसुकै थैली अङ्कमा | ३% | २.५% | १.५% |

| | | | | |
|---|---|---|---|---|
| | (ख) **अन्य वकसपत्र र दानपत्रको थैली अङ्कमा**<br><u>**द्रष्टव्यः**</u> सरकारी विश्वविद्यालय, सरकारी क्याम्पस तथा कलेज, सामुदायिक विद्यालय, सामुदायिक अस्पताल, नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका कार्यालय, तीन तहकै सरकारको नाममा प्राप्त हुने जुनसुकै प्रकारको लिखतमा कुनै शुल्क लाग्ने छैन। | १५% | १५% | १०% |
| ४. | **अंशवण्डा तथा अंश भर्पाईको लिखतमा** | | | |
| | (क) रू.१० लाखसम्मको थैली अङ्कमा | ०.२% | ०.२% | ०.२% |
| | (ख) रू. १० लाखदेखि रु.३० लाखसम्मको थैली अङ्कमा | ०.५% | ०.५% | ०.५% |
| | (ग) रू.३० लाख भन्दा बढी रू.२ करोड सम्मको थैली अङ्कमा | ०.७५% | ०.७५% | ०.७५% |
| | (घ) रू.२ करोड भन्दा बढी ५ करोड सम्मको थैली अङ्कमा | १% | १% | १% |
| | (ङ) रू.५ करोड भन्दा बढीको थैली अङ्कमा | १.५% | १.५% | १.५% |

| | | | | |
|---|---|---|---|---|
| ५. | **मानो छुट्टिएको र मानो जोडिएको लिखत**<br>(क) मानो छुट्टिएको प्रति लिखत<br>(ख) मानो जोडिएको प्रति लिखत | <br>रू.१५,०००/-<br>रू.३०,०००/- | <br>रू.१०,०००/-<br>रू.२०,०००/- | <br>रू.५,०००/-<br>रू.१०,०००/- |
| ६. | **शेषपछिको वकसपत्रको लिखत/ अष्टलोहको प्रति लिखत**<br>(क) तीन पुस्ताभित्रको<br>(ख) तीन पुस्ताबाहिरको | <br>रू.१०,०००/-<br>रू.१५,०००/- | <br>रू.७,०००/-<br>रू.१२,०००/- | <br>रू.४,०००/<br>रू.७,०००/- |
| ७. | **बन्धकीको लिखत**<br>दृष्टिबन्धकी, भोगबन्धकी र लखबन्धकीको लिखतको थैली अङ्कमा | १% | १% | १% |
| ८. | **अधिकारनामा, मञ्जुरीनामा, अख्तियारनामा र इच्छापत्रको लिखत** | रू.५,०००/- | रू.४,०००/- | रू.३,०००/- |
| ९. | **कपाली तमसुक र करारनामाको लिखत**<br>दाखिल खारेज नहुने कपाली तमसुक र करारनामाको प्रति लिखत | १% | १% | १% |
| १०. | **गुठी स्थापना (गुठी दर्ता) लिखत**<br>(क) गुठी स्थापना (गुठी दर्ता) लिखत<br>(ख) गुठी नवीकरण लिखत | <br>रू.३,०००/-<br>रू.७५०/- | <br>रू.२,०००/-<br>रू.५००/- | <br>रू.१,०००/-<br>रू.२५०/- |

| | | | | |
|---|---|---|---|---|
| ११. | **घरबहाल लिखत**<br>घरबहाल लिखत बापत पहिलो महिनाको बहाल रकमको | ५% | ४% | २% |
| १२. | **फलोपभोग (युजफ्रुक्टी) लिखत** | रू.१,०००/- | रू.७००/- | रू.५००/- |
| १३. | **शेषपछिको बकसपत्र लिखत**<br>(क) शेषपछिको बकसपत्र शर्त संशोधन गर्दा<br>(ख) शेषपछिको बकसपत्र लिखत वदर वा रद्ध गर्दा | रू.२,०००/-<br>रू.५,०००/- | रू.१,०००/-<br>रू.३,०००/- | रू.५००/-<br>रू.२,०००/- |
| १४. | **अन्य लिखत**<br>(क) रकम खुलेकोमा<br>(ख) रकम नखुलेकोमा | ४ %<br>रू.१०,०००/- | ३ %<br>रू.७,०००/- | २ %<br>रू.५,०००/- |
| १५. | **बेजिल्ला/बेइलाका पारित सम्बन्धी व्यवस्था:**<br>(क) राजीनामा, सट्टापट्टा, सँगोलनामा, छोडपत्र, दर्ताफारी, हालैको बकसपत्र, मानो जोडिएको, मानो छुट्टिएको, शेषपछिको बकस पत्र, अष्टलोह, बन्धकीको लिखत, कपाली तमसुक र करारनामाको बेजिल्ला/बेइलाका लिखत पारित गर्दा यसै अनुसूचीमा तोकिए बमोजिमको रजिष्ट्रेशन दस्तुर सम्बन्धित जग्गा भएको मालपोत कार्यालयको खातामा जम्मा गर्नु पर्नेछ। यसका अतिरिक्त बेजिल्ला/बेइलाका दस्तुर प्रदेशभित्र भए थैली अङ्कमा थप तीन प्रतिशत र प्रदेशबाहिर भए थैली अङ्कमा थप पाँच प्रतिशतका दरले लिखत पारित गर्ने मालपोत कार्यालयले प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।<br>(ख) अंशवण्डा तथा अंश भर्पाइको बेजिल्ला/बेइलाका लिखत पारित गर्दा यसै बमोजिमको दस्तुर सम्बन्धित जग्गा भएको मालपोत कार्यालयको खातामा जम्मा गर्नु पर्नेछ। | | | |

**ख. घरजग्गा लगायतको सेवा शुल्कः**

| क्र. सं. | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | |
|---|---|---|---|---|
| | | महानगर/ उपमहानगरपालिका | नगरपालिका | गाउँपालिका |
| १. | <u>लिखत रजिष्ट्रेशनको लागि डोर माग गर्ने निवेदनमा डोर शुल्क</u><br>रजिष्ट्रेशनको लागि डोर माग गर्ने (कारागारमा रहेका कैदीबन्दीको समेत) निवेदनमा प्रति लिखत डोर शुल्क | रू.२०,०००/- | रू.१०,०००/- | रू. ५,०००/- |
| २. | **वित्तीय धितोः** नेपाल राष्ट्र बैङ्कबाट वित्तीय कारोबार गर्न स्वीकृति प्राप्त बैङ्क, वित्तीय तथा सहकारी संस्थाबाट दिने कर्जाको धितोबन्धक वा दृष्टिबन्धक शुल्कको रसिद बैङ्कको सेवा लिने सेवाग्राहीको नाममा हुनुपर्ने र लिखतमा देहाय बमोजिमको शुल्क लाग्नेछ।<br>थप रोक्काको हकमा, लाग्ने सेवा शुल्कको थप २५ प्रतिशत शुल्क लाग्नेछ। | | | |

| | | | | |
|---|---|---|---|---|
| | (क) एक लाख रुपैयाँ सम्मको लिखतको थैली अङ्कमा, | रू. १,०००/- | रू. १,०००/- | रु.१,०००/- |
| | (ख) एक लाख रुपैयाँ भन्दा बढी पाँच लाख रुपैयाँसम्मको थैली अङ्कमा, | रू. १,५००/- | रू. १,५००/- | रु.१,५००/- |
| | (ग) पाँच लाख रुपैयाँ भन्दा बढी दश लाख रुपैयाँसम्मको थैली अङ्कमा, | रू. २,५००/- | रू. २,५००/- | रु.२,५००/- |
| | (घ) दश लाख रुपैयाँ भन्दा बढी बीस लाख रुपैयाँसम्मको थैली अङ्कमा, | रू. ३,०००/- | रू.३,०००/- | रू.३,०००/- |
| | (ङ) बीसलाख रुपैयाँ भन्दा बढी पचास लाख रुपैयाँ सम्मको थैली अङ्कमा, | रू. १०,०००/- | रू.१०,०००/- | रू.१०,०००/- |
| | (च) पचास लाख रुपैयाँ भन्दा बढी एक करोडसम्मको थैली अङ्कमा, | रू.३०,०००/- | रू. ३०,०००/- | रू. ३०,०००/- |
| | (छ) एक करोड रुपैयाँ भन्दा बढी दुई करोड रुपैयाँसम्मको थैली अङ्कमा, | रू. ४०,०००/- | रू. ४०,०००/- | रू. ४०,०००/- |

| | | | | |
|---|---|---|---|---|
| | (ज) दुई करोड रुपैयाँ भन्दा बढी तीन करोड रुपैयाँसम्मको थैली अङ्कमा, | रू. ६०,०००/- | रू. ६०,०००/- | रू. ६०,०००/- |
| | (झ) तीन करोड रुपैयाँ भन्दा बढी पाँच करोड रुपैयाँसम्मको थैली अङ्कमा, | रू. ८०,०००/- | रू. ८०,०००/- | रू. ८०,०००/- |
| | (ञ) पाँच करोड रुपैयाँ भन्दा बढी दश करोड रुपैयाँसम्मको थैली अङ्कमा, | रू. १,००,०००/- | रू. १,००,०००/- | रू. १,००,०००/- |
| | (ट) दश करोड रुपैयाँ भन्दा बढी बीस करोड रुपैयाँसम्मको थैली अङ्कमा, | रू. १,२०,०००/- | रू. १,२०,०००/- | रू. १,२०,०००/- |
| | (ठ) बीस करोड रुपैयाँ भन्दा बढी तीस करोड रुपैयाँसम्मको थैली अङ्कमा, | रू. १,५०,०००/- | रू. १,५०,०००/- | रू. १,५०,०००/- |
| | (ड) तीस करोड रुपैयाँ भन्दा बढी चालिस करोड रुपैयाँसम्मको थैली अङ्कमा, | रू. १,७५,०००/- | रू. १,७५,०००/- | रू. १,७५,०००/- |
| | (ढ) चालिस करोड रुपैयाँ भन्दा बढी पचास करोड रुपैयाँ सम्मको थैली अङ्कमा, | रू. २,००,०००/- | रू. २,००,०००/- | रू. २,००,०००/- |

| | | | | |
|---|---|---|---|---|
| | (ण) पचास करोड रुपैयाँ भन्दा बढी जतिसुकै सम्मको थैली अङ्कमा, | ०.०४% | ०.०४% | ०.०४% |
| ३. | **लिज**<br>सरकारी जग्गा लिजमा उपलब्ध गराउने | सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ को अनुसूची-१ अनुसारको शुल्क लाग्नेछ। | | |
| ४. | **जग्गा धनी दर्ता श्रेस्ताको प्रतिलिपिको लागि जग्गाधनी (टिकट बाहेक) प्रति पुर्जा / श्रेस्ता र तामेलीको लिखत प्रति मिसिल** | रू.१,०००/- | रू. ५००/- | रू. २००/- |
| | **द्रष्टव्यः** यो व्यवस्था जुनसुकै प्रयोजनको लागि प्रतिलिपि लिंँदा लागू हुनेछ। | | | |
| ५. | **दाखिल खारेज शुल्क**<br>(क) करार अनुसार लिखत पारित गर्न ठहऱ्याएको फैसला वा मिलापत्र अनुसारको दाखिल खारेज गर्दा थैली अङ्कको | ५% | ४% | २% |

| | | | | |
|---|---|---|---|---|
| | (ख) अंश र अपुतालीको फैसला, मिलापत्र तथा अन्य फैसला र मिलापत्र बमोजिम दाखिल खारेज गर्दा लाग्ने शुल्क थैली अङ्कको (अंशको हकमा अदालतबाट अंश मुद्दामा मिलापत्र तथा फैसला बमोजिम दाखिला खारेज हुँदा लाग्ने शुल्क अंशवण्डा सरह हुने) र अन्यको हकमा यथावत हुने। | ३% | २% | १% |
| | (ग) बैङ्क तथा वित्तीय संस्था वा सहकारी संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार गरी बैङ्क तथा वित्तीय संस्थाको पत्रानुसार व्यक्तिको नाममा दाखिल खारेज गर्दाको थैली अङ्कमा। | ५% | ४% | २% |

| | | | | |
|---|---|---|---|---|
| | (घ) बैङ्क तथा वित्तीय संस्था वा सहकारी संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार नगरी ऋणीकै नामबाट बैङ्क वित्तीय संघ वा सहकारी संस्थाले आफ्नो नाउँमा दाखिल खारेज गर्दा प्रति मिसिल। | रू. १५,०००/- | रू. १०,०००/- | रू. ५,०००/- |
| | (ङ) बैङ्क तथा वित्तीय संस्था वा सहकारी संस्थाले कर्जा प्रवाह गर्दा लिएको धितो लिलाममा बैङ्क तथा वित्तीय संस्था आफैले सकार गरेपछि सम्बन्धित ऋणीलाई नै फिर्ता गर्दा पारित गर्ने लिखतको थैली अङ्कमा। | २.५% | २% | १% |
| | (च) भुमिसुधार तथा मालपोत कार्यालयबाट जग्गा बाँडफाँट भई दाखिल खारेज हुन आउँदा प्रति मिसिल। | रू. ५००/- | रू. ३००/- | रू. २००/- |
| | (छ) अदालत वा न्यायिक निकायको फैसला बमोजिम लिलाम बढाबढ गरी दाखिल खारेज गर्दा प्रति मिसिल। | रू.५,०००/- | रू. १,०००/- | रू. ५००/- |

| | | | | |
|---|---|---|---|---|
| | (ज) शेषपछिको बकसपत्रको दाखिल खारेज<br>(अ) तीनपुस्ता भित्रको भए<br>(आ) तीनपुस्ता बाहिरको भए | सबै क्षेत्रका लागि अंशबण्डा सरह<br>सबै क्षेत्रका लागि राजीनामा सरह | | |
| ६. | **नामसारी** | | | |
| | (क) तीनपुस्ता भित्रको नामसारी | रू. ५,०००/- | रू. ३,०००/- | रू.१,५००/- |
| | (ख) तीनपुस्ता भन्दा बाहिरको नामसारी | सबै क्षेत्रका लागि राजीनामा सरह। | | |
| | <u>**द्रष्टव्यः**</u> तीन पुस्ताभित्र वा बाहिरको अचल सम्पत्ति ३५ दिनभित्र मृतकका नामको घरजग्गा हकवालाले नामसारी गरी लिनु पर्नेछ र सो पश्चात नामसारी दाखिल खारेज माग गर्न आएमा लिइने शुल्कमा रु १०० थप शुल्क लिई नामसारी गर्नु पर्नेछ। | | | |
| ७. | **हाल साविकः** पुनः नापजाँच पछिको श्रेस्ता हाल साविक तथा अध्यावधिक गर्दा तथा अदालत, मालपोत कार्यालय वा कुनै आयोग समेतको फैसला वा निर्णय भई कायम हुन आउने प्रति जग्गा धनी श्रेस्ताको प्रति मिसिल। | रू. १,०००/- | रू. ५००/- | रू. २००/- |
| ८. | **घर कायमः** श्रेस्ता पूर्जामा घर जनाउने प्रति निवेदनमा | रू.२,५००/- | रू. २,०००/- | रू. ५००/- |
| ९. | **घर पाताल गर्दा प्रति मिसिल** | रू.१,०००/- | रू.१,०००/- | रू.१,०००/- |

| | | | | |
|---|---|---|---|---|
| १०. | **कित्ता एकीकृत गर्दा प्रति मिसिल** | रू.१,०००/- | रू.१,०००/- | रू.१,०००/- |
| ११. | **संशोधन शुल्कः** मालपोत ऐन, २०३४ को दफा ७ (३) अनुसारको विवरणमा संशोधन गर्दा प्रति मिसिल | रू. ५००/- | रू. ३००/- | रू. २००/- |
| १२. | **रोक्का शुल्कः** | | | |
| | (क) लिखत रजिष्ट्रेशन भएकोमा (थैली अङ्क जतिसुकै भएपनि) | नलाग्ने | नलाग्ने | नलाग्ने |
| | (ख) **लिखत रजिष्ट्रेशन नहुनेमा ऋण अङ्कमा** | | | |
| | पाँच लाख रुपैयाँ सम्मको | रू. ५००/- | रू. ३००/- | रू. २००/- |
| | पाँच लाख रुपैयाँभन्दा बढी पन्ध्र लाख रुपैयाँसम्मको | रू. १०००/- | रू. ७००/- | रू. ५००/- |
| | पन्ध्रलाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँ सम्मको | रू. २०००/- | रू. १५००/- | रू. १२००/- |
| | पचास लाख रुपैयाँ भन्दा जतिसुकै सम्मको | रू. ३०००/- | रू. २५००/- | रू. १५००/- |
| | ऋण अङ्क नखुलेकोमा | रू. १००००/- | रू. ७०००/- | रू. ५०००/- |
| | | | | |

**ग. विविधः**

१. अधिकारनामा र शेषपछिको बकसपत्र लिखत बाहेक अन्य सबै प्रकारको लिखतमा थैली अङ्क खुलाउनु पर्नेछ।

२. जलविद्युत उद्योग, चिया खेती, कफी खेती, कपास खेती, पुष्प व्यवसाय, तरकारी खेती, पशुपंक्षीपालन, अलैंची खेती, अदुवा खेती, जडिबुटी खेती एवं फलफूल खेती उद्योगको नाममा खरीद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कमा पचास प्रतिशत छुट हुनेछ। यसको लागि सम्बन्धित कार्य गर्ने उद्योग हो

भनी सम्बन्धित स्थानीय तहको राजस्व परामर्श समितिको सिफारिसमा कार्यपालिकाको बैठकले छुट दिने सम्बन्धी गरेको निर्णयको प्रतिलिपी पेस गर्नु पर्नेछ।

तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाइएमा सम्बन्धित मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क र सोही रकम बराबर जरिबाना असुल गर्नु पर्नेछ।

३. सामुहिक खेती योजना अन्तर्गत कृषि उत्पादन बढाउने उद्देश्यले व्यक्तिहरू मिली जग्गाको चक्ला मिलाई खेती गर्ने उद्योग खोली त्यस्तो उद्योगको नाममा लिखत पारित भएमा सो मा लाग्ने रजिष्ट्रेशन दस्तुरमा पचास प्रतिशत छुट हुनेछ।

तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाइएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क र सोही रकम बराबरको जरिबाना गरिनेछ।

४. प्रदेशभित्र सूर्ती, चुरोट, खैनी, गुट्खा, पानपराग, प्लाष्टिक र मदिराजन्य उद्योग बाहेकका उत्पादनमूलक उद्योगले उद्योग स्थापना तथा सञ्चालन गर्न उद्योगको नाममा खरीद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कमा पच्चीस प्रतिशत छुट हुनेछ। तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाइएमा सम्बन्धित मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क र सोही रकम बराबरको जरिबाना असुल गर्नु पर्नेछ।

५. प्रदेशभित्र कर्मचारी सञ्चयकोष तथा नागरिक लगानी कोषले नियमित बचत जम्मा गर्ने आफ्ना सञ्चयकर्ताहरूलाई ऋण सुविधा उपलब्ध गराउँदा लिने धितोको धितो बन्धक लिखत पारित गर्दा सेवा शुल्क एक हजार रुपैयाँ मात्र लाग्नेछ।

६. प्रचलित कानून बमोजिम दर्ता भई सञ्चालनमा रहेका सहकारी संस्थाहरूले आफ्ना शेयर सदस्यहरूबीच ऋण लगानी प्रवाह गर्दा एक आर्थिक वर्षमा एकपटक एकाघर परिवारभित्रका कुनै एक सेयर सदस्यलाई मात्र पाँच लाख रूपैयाँसम्मको थैली अङ्कमा रोक्का शुल्क बाहेक सेवा शुल्क छुट हुनेछ। सो भन्दा माथिको थैली अङ्कमा खण्ड (ख) सेवा शुल्क महलको क्रम सङ्ख्या २ बमोजिमको सेवा शुल्क लाग्नेछ।

तर बचत तथा ऋण सहकारी संस्थाहरुले यो छुट पाउने छैनन्। सहकारी संस्थाले सदस्यलाई ऋण लगानी गर्दा कार्यक्षेत्रभन्दा बाहिरको घरजग्गा पनि धितोको रूपमा राख्न सक्नेछ।

७. जनयुद्ध, जनआन्दोलन र मधेश आन्दोलनमा सहादत प्राप्त गरेका शहीद र बेपत्ता योद्धाका आश्रित पति, पत्नी, छोरा र छोरी तथा माता–पिताको नाममा स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा यस ऐन बमोजिम लाग्ने सबै प्रकारको शुल्क

पूर्ण रूपमा छुट हुनेछ। यस प्रकारको छुट प्राप्त गर्ने व्यक्तिले परिचय खुल्ने कागजात र स्थानीय तहको सिफारिस समेत पेस गर्नु पर्नेछ।

८. अपाङ्गता भएका व्यक्ति, दलित एवम् पिछडिएका जाति भनी स्थानीय तहबाट प्रमाणित भएको सिफारिस वा आधिकारिक प्रमाणको आधारमा तिनीहरूको नाममा स्वामित्व प्राप्त हुँदा तीस लाख रुपैयाँसम्मको थैली अङ्कमा एक पटकको लागि यस ऐन बमोजिम असुल गरिने घर जग्गा रजिष्ट्रेशन शुल्कमा पच्चीस प्रतिशत छुट हुनेछ।

९. महिला, सत्तरी वर्षभन्दा बढी उमेरका ज्येष्ठ नागरिक र बाबुआमा विहिन नाबालकको नाममा जुनसुकै प्रकारबाट स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा यस ऐन बमोजिम लगाइएको रजिष्ट्रेशन शुल्कमा पच्चीस प्रतिशत छुट हुनेछ।

तर एकल महिलाको हकमा भने पैंतीस प्रतिशत छुट हुनेछ। देहायमा उल्लिखित गाउँपालिकाको  हकमा पचास प्रतिशत छुट हुनेछः-

(क) मनाङ जिल्लाको नार्पा भूमि, नासौं, मनाङ ङिस्याङ गाउँपालिका,

(ख) मुस्ताङ जिल्लाको थासाङ, लो घेकर दामोदरकुण्ड, लोमान्थाङ, वारागुङ मुक्तिक्षेत्र गाउँपालिका,

(ग) गोरखा जिल्लाको चुमनुब्री गाउँपालिका।

१०. हाल पति वा पत्नीको नाममा कायम रहेको घर जग्गाको स्वामित्व परिवर्तन गरी पति पत्नी दुवैको संयुक्त स्वामित्वको रूपमा लिखत गर्न चाहेमा सो सगोलनामाको लिखतमा दुई सय रूपैयाँ रजिष्ट्रेशन शुल्क लाग्नेछ।

११. ३०० जनाभन्दा बढी व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिने उत्पादनमूलक उद्योग स्थापना गर्न वा विस्तार गर्नका लागि जग्गा खरीद गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कको लिखतमा पूर्ण छुट दिइनेछ। तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाइएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बराबर जरिबाना गर्नु पर्नेछ। यस सुविधा प्राप्त गर्नको लागि आर्थिक मामिला मन्त्रालय र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको सिफारिस सहित उद्योगको विस्तृत योजना पेस गर्नु पर्नेछ।

१२. भूमिहीन, मुक्त कमैया र मुक्त हलिया परिवारले सहुलियतपूर्ण ऋण र अनुदान प्राप्त गरी खरीद गरेको जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का शुल्क पूर्ण रूपमा छुट हुनेछ।

१३. बैङ्क तथा वित्तीय संस्था एवं सहकारी संस्था र अदालतबाट भएको मिलापत्र अनुसार दाखिल खारेज गर्दा सेवा शुल्क असुल गर्ने प्रयोजनको लागि मालपोत कार्यालयले रजिष्ट्रेशन प्रयोजनको लागि तोकेको न्यूनतम मूल्य र मिलापत्र वा

बैङ्क तथा वित्तीय संस्था एवं सहकारी संस्थाको पत्रमा उल्लेख भएको मूल्य मध्ये जुन बढी हुन्छ सोही मूल्यलाई कायम गर्नु पर्नेछ।

१४. प्रदेशभित्र यो ऐन लागू हुँदाका बखत प्रदेश सरकार वा स्थानीय तहबाट घोषणा भएका वा यस पछि घोषणा हुने नगरपालिकाको हकमा त्यस्ता नगरपालिकाको नाम र क्षेत्र निर्धारण गरी प्रदेश सरकार वा स्थानीय तहले राजपत्रमा सूचना प्रकाशित गरेको मितिदेखि यसै अनुसूची बमोजिमको घर जग्गा रजिष्ट्रेशन शुल्क र सेवा शुल्क लाग्नेछ।

१५. प्रचलित कानून बमोजिम दर्ता भएका सहकारी संस्थाहरूलाई संस्थाको प्रयोजनको लागि मात्र पहाडी क्षेत्रमा दुई रोपनी, तराई र भित्री मधेशमा तीन कठ्ठासम्म जग्गा र भवन खरीद गर्दा प्रदेश अन्तर्गतका सहकारी रजिष्ट्रारको कार्यालय वा दर्ता गर्ने निकायको सिफारिसमा लाग्ने रजिष्ट्रेशन शुल्कमा पचास प्रतिशत छुट हुनेछ। त्यस्ता सहकारी संस्थाले रजिष्ट्रेशन शुल्क छुट सुविधामा खरिद गरेको जग्गा तथा भवन संस्था गाभिएको वा विघटन भएको अवस्थामा बाहेक बिक्री गरेमा पहिले छुट दिएको रजिष्ट्रेशन शुल्क असूल गरिनेछ। तर बचत तथा ऋण सहकारी संस्थाको हकमा यो छुट लागू हुने छैन।

१६. क्रम सङ्ख्या ७, ८, ९, १०, ११ र १२ बमोजिम छुट दिँदा एकै व्यक्तिलाई एकभन्दा बढी आधारमा छुट पाउने भएमा सबैभन्दा बढी कुनै एकमात्र छुट दिइनेछ।

१७. एउटै कारोबारबाट दश लाख रूपैयाँ वा सोभन्दा माथिको घर वा जग्गा खरीद बिक्री गर्दा क्रेताले बैङ्कबाट भुक्तानीको लागि योग्य (गुड फर पेमेन्ट) भनि छाप लागेको चेकको फोटोकपी पेस गरेपछि वा बिक्रेताका नाममा बैङ्कमा रहेको खातामा रकम जम्मा गरेको बैङ्क भौचरको फोटोकपी पेस गरेपछि मात्र मालपोत कार्यालयले लिखत पारित गर्नु पर्नेछ।

१८. पति पत्नीको संयुक्त नाममा पारित हुने लिखतमा महिला सरह रजिष्ट्रेशन शुल्क छुट दिइनेछ।

१९. अंशबण्डा पश्चात तीन पुस्ताभित्र छोरा-छोरी र दुबैपट्टिका नाती-नातिनीहरूमा संयुक्त अपुताली नामसारी भएको जग्गा दर्ताफारी गर्दा यसै अनुसूचीको खण्ड (क) को क्रमसङ्ख्या (२) बमोजिम शुल्क लाग्नेछ।

२०. नेपाल सरकार वा गण्डकी प्रदेश सरकार वा स्थानीय तह अन्तर्गत कुनै एक निकायको नाममा रहेको जग्गा नेपाल सरकार वा गण्डकी प्रदेश सरकार वा स्थानीय तह वा सो अन्तर्गतको अन्य निकायको नाममा रजिष्ट्रेशन वा दाखिल खारेज गर्नुपर्दा रजिष्ट्रेशन शुल्क तथा सेवा शुल्क लाग्ने छैन।

२१. कुनै व्यक्तिको स्वामित्वमा रहेको जग्गा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको कुनै निकायलाई नि:शुल्क रूपमा प्राप्त हुन आएमा वा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको कुनै पनि निकायले खरिद गर्दा सोमा रजिष्ट्रेशन शुल्क तथा सेवा शुल्क लाग्ने छैन।

२२. कच्ची घरको हकमा श्रेस्ता पूर्जामा घर कायम गर्दा लाग्ने सेवा शुल्कको पचास प्रतिशत रकम छुट दिइनेछ ।

२३. मालपोत कार्यालयहरुले सङ्कलन गर्ने घरजग्गा रजिष्ट्रेशन शुल्कमध्येबाट मालपोत/भूमिसुधार कार्यालयहरुको संस्थागत सुदृढिकरण तथा श्रेस्ता व्यवस्थापनका लागि एक प्रतिशत कट्टा गरी सो समेत प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ ।

२४. क्रम सङ्ख्या २, ३ र ४ बमोजिमका लिखत पारित गर्दा राजस्व छुट लिने प्रयोजनका लागि उद्योग/व्यवसाय/आयोजना दर्ताको प्रमाण पत्रका साथै कृषि र पशुपालन उद्योग/व्यवसाय/आयोजना सम्बन्धीको हकमा सम्बन्धित स्थानीय तहको सिफारिस र अन्य उद्योग/व्यवसाय/आयोजनाको हकमा सेवा सञ्चालन गर्ने सम्बन्धित प्रदेश मन्त्रालयको सहमति पेस गर्नुपर्नेछ।

२५. यसै अनुसूचीको खण्ड (ग) बमोजिम छुट दिइएको विवरण सम्बन्धित मालपोत कार्यालयले महिना समाप्त भएको पन्ध्र दिनभित्र गण्डकी प्रदेश सरकार, आर्थिक मामिला मन्त्रालयमा पठाउनु पर्नेछ।

२६. शेषपछिको बकसपत्र रजिष्ट्रेशन गर्ने व्यक्तिको मृत्यू पश्चात लिखत बमोजिम अचल सम्पत्ति शेष पछिको बकस पाउने व्यक्तिले छ महिनाभित्र दाखिला खारेज गरी लिनु पर्नेछ। सो म्याद नघाई दाखिला खारेज गर्न आएमा प्रत्येक वर्षको पाँच सय रुपैयाँ थप दस्तुर लिइनेछ।

२७. हालैको बकसपत्रको हकमा नाता खुल्ने परिचय पत्र पेस हुन नआएमा नाता प्रमाणित गरेको प्रमाण पेस गर्नुपर्नेछ।

२८. एउटै आर्थिक वर्षभित्र घरजग्गाको लिखत पास गर्दा रजिष्ट्रेशन लिखतमा कायम भएको थैली अङ्कको रकमभन्दा बैङ्क तथा वित्तीय संघ संस्थाबाट वित्तीय धितो कारोबारमा थैली अङ्कको रकम बढी राखी वित्तीय कारोवार भएमा लिखत कायम गरिएको थैली अङ्क र वित्तीय धितो कारोवारको फरक रकममा लिखत पास गर्दा लाग्ने दस्तुर सरहको रकम जरिबाना लाग्नेछ।

२९. प्रदेशभित्र बैङ्क तथा वित्तीय व्यवसाय र बिमा व्यवसाय गर्ने एकै प्रकृतिका निकायहरु एक आपसमा गाभिन चाहेमा गाभिने संस्थाहरुले सो प्रयोजनका लागि घरजग्गाको एकत्रित गर्दा संशोधन शुल्क बाहेक अन्य शुल्क लाग्ने छैन।

३०. यस अनुसूचीमा उल्लेख भएदेखि बाहेक अन्य विषयमा मालपोत कार्यालयले लिखत तयार वा प्रमाणित गर्नुपर्ने भएमा दुईसय रुपैयाँ सेवा शुल्क लाग्नेछ।

३१. कैदीबन्दीको हकमा लिखत रजिष्ट्रेशनका लागि डोर माग गर्ने निवेदनको डोरशुल्कमा लाग्ने शुल्कको पच्चिस प्रतिशत सेवा शुल्क छुट हुनेछ।

## अनुसूची – २

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

### सवारी साधन कर

| १. निजी सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः- | |
|---|---|
| **सवारीको किसिम** | |
| **(क) कार, जीप, भ्यान, माइक्रो बस** | **वार्षिक कर दर (रू.)** |
| (अ) १००० सी.सी. सम्म | २२,०००/– |
| (आ) १००१ देखि १५०० सी.सी. सम्म | २५,०००/– |
| (इ) १५०१ सी.सी. देखि २००० सी.सी. सम्म | २७,०००/– |
| (ई) २००१ सी.सी. देखि २५०० सी.सी. सम्म | ३७,०००/– |
| (उ) २५०१ सी.सी. देखि ३००० सी.सी. सम्म | ५०,०००/– |
| (ऊ) ३००१ सी.सी. देखि ३५०० सी.सी. सम्म | ६०,०००/– |
| (ऋ) ३५०० सी.सी. देखि माथि सबै | ६५,०००/– |
| **(ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन, रेडिमिक्स जस्ता मेशिनरी उपकरण र मिनीटिपर** | |
| (अ) डोजर, एक्साभेटर, लोडर, रोलर, क्रेन जस्ता मेशिनरी उपकरण | ४०,०००/– |
| (आ) ट्रिपर | ४२,०००/– |
| (इ) मिनीट्रिपर | ३०,०००/– |
| **(ग) थ्री ह्वीलर, टेम्पो, ट्र्याक्टर र पावर टिलर** | |
| (अ) अटो रिक्सा, थ्री ह्वीलर र टेम्पो | ६,०००/– |
| (आ) ट्र्याक्टर (कृषि प्रयोजन) | ७,०००/– |
| (इ) ट्र्याक्टर (गैर कृषि प्रयोजन) | ११०००/– |
| (ई) पावर टिलर | ४,५००/– |
| **(घ) मिनिट्रक/मिनिबस** | २७,०००/– |
| **(ङ) ट्रक र बस** | ३५,०००/– |
| **(च) तेल ट्याङ्कर, ग्याँस बुलेट** | ३५,०००/- |
| **(छ) मोटर साइकल तथा स्कुटर** | |

| | |
|---|---|
| (अ) १२५ सी.सी. सम्मको | ३,०००/– |
| (आ) १२५ सी.सी भन्दा माथि १५० सी.सी. सम्म | ५,०००/– |
| (इ) १५० सी.सी भन्दा माथि २२५ सी.सी. सम्म | ६,५००/– |
| (ई) २२५ सी.सी भन्दा माथि ४०० सी.सी. सम्म | ११,०००/– |
| (उ) ४०० सी.सी भन्दा माथि ६५० सी.सी. सम्म | २०,०००/– |
| (ऊ) ६५० सी.सी भन्दा माथि सबै | ३०,०००/– |
| **(ज) विद्युतीय सवारी साधन** | |
| (अ) मोटरसाईकल/स्कुटर | |
| (१) ३५० वाटदेखि १००० वाट सम्म | १०००।- |
| (२) १००० वाट भन्दा माथि १५०० वाट सम्म | १५००।- |
| (३) १५०० वाट भन्दा माथि सबै | २,०००।- |
| (आ) कार, जीप, भ्यान, माइक्रोबस र बस | |
| (१) ५० किलोवाट भन्दा माथि १२५ किलोवाट सम्म | १०,०००।- |
| (२) १२५ किलोवाट भन्दा माथि २०० किलोवाट सम्म | १५,०००।- |
| (३) २०० किलोवाट भन्दा माथि सबै | २०,०००।- |
| **२. भाडामा दर्ता भएका सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः** | |
| **सवारीको किसिम** | |
| **(क) कार, जिप, भ्यान, माइक्रो बस** | **वार्षिक कर दर (रू)** |
| (अ) १००० सि.सि.सम्म | ११,०००।- |
| (आ) १००० सि.सि. भन्दा माथि १५०० सि.सि.सम्म | १२,५००।- |
| (इ) १५०० सि.सि. भन्दा माथि २००० सि.सि.सम्म | १३,५००।- |
| (ई) २००० सि.सि. भन्दा माथि २५०० सि.सि.सम्म | १४,५००।- |
| (उ) २५०० सि.सि. भन्दा माथि ३००० सि.सि.सम्म | १६,५००।- |
| (ऊ) ३००० सि.सि. भन्दा माथि ३५०० सि.सि.सम्म | १७,५००।- |
| (ऋ) ३५०० सि.सि. भन्दा माथि ४००० सि.सि.सम्म | १९,०००।- |
| (ए) ४००० सि.सि. भन्दा माथि माथि सबै | २२,०००।- |
| **(ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, मिनी ट्रिपर, ड्रम्फर, क्रेन ट्रक मिक्स्चर जस्ता मेशिनरी** | २१,०००/- |

| | |
|---|---|
| **उपकरण** | |
| **(ग) थ्री ह्वीलर र टेम्पो** | ६,०००/- |
| **(घ) ट्र्याक्टर**<br>(अ) कृषि प्रयोजन<br>(आ) गैर कृषि प्रयोजन | <br>६,०००/<br>८,०००/- |
| **(ङ) पावर टिलर** | ४,५००/- |
| **(च) मिनीट्रक, मिनीबस** | १५,०००/- |
| **(छ) ट्रक, बस र पानी ट्याङ्कर** | २०,०००/- |
| **(ज) तेल ट्याङ्कर, ग्याँस बुलेट** | २२,०००/- |
| **३. सवारी साधन दर्ता सरुवा सहमतिका लागि लाग्ने दस्तुर**<br>(क) दुई पाङ्ग्रे सवारी साधन<br>(ख) साना सवारी साधन (कार ,जीप, भ्यान)<br>(ग) ठूला सवारी साधन (बस ट्रक र अन्य) | <br>१,०००/-<br>३,०००/-<br>५,०००/- |
| **द्रष्टव्यः** हाइड्रो लगायतका निर्माण कार्यमा प्रयोग हुने सवारी तथा अन्य यन्त्र उपकरणको सवारी साधन कर सार्वजनिक सवारी साधन सरह नै लाग्नेछ। | |

४. नेपाल सरकार, गण्डकी प्रदेश सरकार र स्थानीय तहका नाममा दर्ता भएका सवारी साधन र सामुदायिक विद्यालयको नाममा दर्ता भएका सवारी साधनहरूलाई भाडामा दर्ता भएका सवारी साधनमा लाग्ने सरह कर तथा जाँचपास शुल्क लाग्नेछ।

५. सुरू पैठारी मितिले एक वर्षभन्दा कम अवधि भएमा दामासाहीले सवारी साधन कर कट्टा गरिनेछ। तर व्यापार मौज्दातमा रहेका सवारी साधनमा यस्तो कर लाग्ने छैन।

६. सवारी साधन बिग्रेको वा अन्य कुनै कारणबाट सो सवारी साधन चलाउन नपाएको भनी संघ, प्रदेश र स्थानीय तहले ठहऱ्याएको कुनै व्यक्ति वा संस्थाको नाममा दर्ता भएको सवारी साधनलाई सवारी साधन सञ्चालन नगरेको अवधिको सवारी साधन कर लाग्ने छैन।

७. भाडामा सञ्चालन हुने बस, मिनीबस तथा माइक्रोबसले विद्यार्थीलाई भाडामा छुट सहुलियत दिए बापत त्यस्ता सवारी साधनका धनीलाई सवारी साधन करमा साठी प्रतिशत छुट प्रदान हुनेछ। गण्डकी प्रदेश सरकारले अनुगमन गर्दा सो बमोजिमको छुट दिएको नपाइएमा छुट दिएको रकम र सोही बराबर जरिबाना असुल गरिनेछ।

८. सवारी साधनका धनीले सवारी साधन कर प्रचलित दरका आधारमा एकमुष्ठ रूपमा दुई वर्षसम्मका लागि एकैपटक भुक्तानी गरी नवीकरण गराउन सक्नेछ। यसरी अग्रिम रूपमा दुई वर्षको सवारी साधन कर एकमुष्ट बुझाई दुई वर्षकै नवीकरण गराएमा लाग्ने सवारी साधन करमा पन्ध्र प्रतिशत छुट हुनेछ।

९. अन्य प्रदेशमा दर्ता भएका सवारी साधन धनीले यस प्रदेशबाट नवीकरण गर्न चाहेमा यस ऐन बमोजिम निर्धारण गरेको शूल्क बुझाई नवीकरण गर्न सक्नेछ।

१०. सार्वजनिक संग्रहालयमा प्रदर्शनीका लागि राखिएका बीस वर्षभन्दा पुराना सवारी साधनलाई वार्षिक तिर्नुपर्ने सवारी साधन कर लाग्ने छैन।

११. क्रमसङ्ख्या १ र २ मा जुनसुकै कुरा लेखिएको भए तापनि दमकल, एम्बुलेन्स तथा शव वाहनलाई सवारी साधन कर लाग्ने छैन।

१२. दश लाख रूपैयाँ भन्दा बढीको सवारी साधन खरिद गर्दा सम्बन्धित सवारी साधन क्रेताले एकाउन्ट पेयी चेकबाट मात्र बिक्रेतालाई रकम भुक्तानी गर्नु पर्नेछ।

१३. अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न मिल्ने गरी बनाईएका १५० सी.सी. सम्मका स्कूटरमा सवारी साधन कर लाग्ने छैन।

१४. नेपाल सरकार, गण्डकी प्रदेश सरकार वा अन्तर्गतका निकाय र स्थानीय तहहरुले जफत गरी लिलाम बिक्री गरेको सवारी साधनको हकमा लिलाम प्रक्रिया समाप्त नभएसम्मको मिति भन्दा अगाडिको सवारी साधन कर लाग्ने छैन।

१५. सवारी साधनको आयु बीस वर्ष नाघी लगत कट्टा नभएका सार्वजनिक सवारी साधनलाई लगत कट्टा प्रयोजनका लागि बीस वर्ष पछिको सवारी साधन करमा पचहत्तर प्रतिशत छुट दिइनेछ ।

१६. गण्डकी प्रदेश सरकार मातहतका कार्यालयहरुमा कम्तिमा बीस वर्ष भन्दा बढी पुराना र बिग्रेर काम नलाग्ने भएका तथा मर्मत सम्भार गरेर सञ्चालन गर्न उपयुक्त नदेखिएका सरकारी सवारी साधनहरु लिलाम गरी हटाउने प्रयोजनका लागि सम्बन्धित कार्यालयबाट सिफारिस भई आएमा यातायात व्यवस्था

कार्यालयमा लगत कट्टा गर्दा बीस वर्ष पछाडिको अवधिको कर, दस्तुर र जरिबाना छुट दिइनेछ।

१७. गण्डकी प्रदेशका नागरिकले गण्डकी प्रदेश बाहेक अन्य प्रदेशमा दर्ता एवं नवीकरण भएका सवारी साधन सम्वत् २०८१ साल असार मसान्तसम्म गण्डकी प्रदेशमा स्थानान्तरण गर्न चाहेमा दर्ता भएको पहिलो वर्षको सवारी साधन कर र नवीकरण शुल्कमा शत प्रतिशत छुट दिइनेछ।

१८. यस ऐन बमोजिम छुट सुविधा उपलब्ध गराउदा दुई वा सो भन्दा बढी छुट सुविधा पाउने अवस्था भएमा जुन शीर्षकमा सबैभन्दा बढी छुट सुविधा उल्लेख भएको छ सो मात्र छुट हुनेछ।

१९. यातायात व्यवस्था कार्यालय रहेको स्थान वा सदरमुकाम भन्दा टाढा वा दुर्गम स्थानमा रहेका डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर र क्रेन जस्ता मेशिनरी उपकरणहरुको प्राविधिक परीक्षण/जाँचपासका लागि आवश्यकता तथा मागका आधारमा डोर खटाएर सेवा दिन सक्नेछ। यसरी डोर सेवा प्रदान गरेबापत अनुसूची-३ को ५ को क्रमसङ्ख्या ११ बमोजिम थप शुल्क लाग्नेछ।

२०. आर्थिक वर्ष **२०७५/७६** भन्दा अगाडीदेखि हालसम्म नियमानुसार बुझाउनुपर्ने सवारी साधन कर नबुझाएका र नवीकरण नगरेका सवारी साधनको सम्वत् २०८० फागुन मसान्तसम्म सवारी साधन कर बुझाउन आएमा आर्थिक वर्ष **२०७५/७६** भन्दा अगाडीको सवारी साधन करमा लाग्ने जरिबानामा छुट हुनेछ।

२१. ट्राफिक नियम उल्लङ्घन गरे बापत ट्राफिक प्रहरीले सवारी साधन धनीसँग प्रचलित कानून बमोजिम असुल गर्ने दण्ड जरिबाना बापतको रकम गण्डकी प्रदेशभित्रका ट्राफिक प्रहरी कार्यालयले प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

२२. गण्डकी प्रदेशमा दर्ता भएका सवारी साधनमा इम्बोस्ड नम्बर प्लेट जडान गरेको शुल्क प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

२३. गण्डकी प्रदेशभित्र विद्युतीय सूचना प्रणालीबाट सञ्चालन गरिएको राइड सेयरिङ्ग एपमा सवारी साधन भाडामा लिने प्रयोजनमा प्रयोग गरी सेवा दिने संस्थाले देहाय बमोजिमको दस्तुर सम्बन्धित यातायात व्यवस्था कार्यालयमा बुझाई अनुमति लिई सञ्चालन गर्नु पर्नेछ। अनुमति सम्बन्धी प्रक्रिया गण्डकी प्रदेश सरकारको यातायात क्षेत्र हेर्ने मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

तर यो ऐन प्रारम्भ हुनु अघि राइड सेयरिङ एप प्रयोग गरी विद्युतीय सूचना प्रणालीबाट सञ्चालनमा रहेका संस्थाले सम्वत् २०८० साल चैत मसान्तभित्र अनुमति लिनु पर्नेछ।

<u>**देहायः**</u>

| **सवारी साधनको किसिम** | **दर्ता/अनुमति शुल्क** | **नवीकरण शुल्क प्रतिवर्ष** |
|---|---|---|
| दुई पाङ्ग्रे मात्र | रु. २५,०००/- | रु. १२,५००/- |
| चार पाङ्ग्रे मात्र | रु. ५०,०००/- | रु. २५,०००/- |
| दुई पाङ्ग्रे र चार पाङ्ग्रे दुबै | रु. ७०,०००/- | रु. ३५,०००/- |

**अनुसूची-३**

(दफा ३ को उपदफा (३) सँग सम्बन्धित)

**सवारी तथा यातायात व्यवस्थापन सम्बन्धी दस्तुर तथा शुल्क**

| १. सवारी चालक आवेदन दस्तुर, अनुमतिपत्र र नवीकरण दस्तुर | | | | |
|---|---|---|---|---|
| **वर्ग** | **सवारीको किसिम** | **आवेदन दस्तुर (रू.)** | **सवारी चालक अनुमतिपत्र दस्तुर र नवीकरण दस्तुर (रू.)** | **वर्ग थप दस्तुर (रू.)** |
| A/K | मोटर साईकल/स्कुटर/ मोपेड | ५००/- | १,५००/- | ५००/- |
| B/D | कार, जीप, डेलिभरी भेन र पावर ट्रेलर | ५००/- | २,०००/- | ५००/- |
| E | ट्याक्ट्रर | ५००/- | २,५००/- | ५००/- |
| F | मिनीबस/ मिनिट्रक | ५००/- | २,५००/- | ५००/- |
| G | ट्रक/बस,लहरी | ५००/- | ३,०००/- | १,०००/- |
| H | डोजर/ रोड रोलर<br>H1= Dozer<br>H2=Road Roller | ५००/- | ३,०००/- | १,०००/- |
| I | क्रेन /दमकल /लोडर<br>I1= क्रेन<br>I2= fire Bridage<br>I3=Loader | ५००/- | ३,०००/- | १,०००/- |
| J | एक्जाभेटर/ व्याकहो लोडर/ ग्र्याडर/ फ्रोकलिफ्ट र अन्य J1= Excavator,<br>J2= Backhoe Loader<br>J3= Grader<br>J4=Forklift<br>J5= Other | ५००/- | ३,०००/- | १,०००/- |

**द्रष्टव्यः** १. एक भन्दा बढी वर्गको सवारी चालक अनुमति पत्र भएका व्यक्तिको हकमा नवीकरण गर्दा सबैभन्दा बढी दस्तुर लाग्ने सवारी वर्गको नवीकरण दस्तुर लाग्ने र बाँकी वर्गका सवारी चालक अनुमति पत्र स्वत: नवीकरण हुने।

२. एक यातायात व्यवस्था कार्यालय (अन्तर प्रदेश सहित) बाट जारी गरिएको सवारी चालक अनुमति पत्र अर्को यातायात व्यवस्था कार्यालयबाट समेत निर्धारित शुल्क लिई नवीकरण गर्न सकिनेछ।

| **२. तोकिएको निश्चित बाटो (रूट) वा क्षेत्रभित्र सञ्चालनार्थ लाग्ने वार्षिक बाटो (रुट) इजाजत दस्तुरः** | | | | |
|---|---|---|---|---|
| **क्र. स.** | **सवारीको वर्गीकरण** | **प्रदेशभर (रू.)** | **एक जिल्ला भर (रू.)** | **पोखरा उपत्यका भर (रू.)** |
| १ | १४ सिट वा सो भन्दा मुनिका (मिटरवाला बाहेक) हलुका सवारी र एक टनसम्म क्षमता भएका ट्याक्टर, पावरटिलर | २,५००/- | २,०००/- | १,७००/- |
| २ | मिटर भएको ट्याक्सी | २,०००/- | १,७००/- | १,५००/- |
| ३ | ट्याम्पो | १,०००/- | | |

३. वार्षिक बाटो इजाजत पत्र दस्तुर र नवीकरण (पाँच सिटदेखि चौध सिटसम्म क्षमता भएको सार्वजनिक सवारी साधनलाई मात्र)

| क्र. सं. | बाटो दुरी (कि. मी.) | बाटो इजाजत दस्तुर (रु.) |
|---|---|---|
| १ | १ देखि ५० कि. मी. सम्म | १,४००/- |
| २ | ५१ देखि १०० कि. मी. सम्म | १,७००/- |
| ३ | १०१ देखि १५० कि. मी. सम्म | २,०००/- |

| | | |
|---|---|---|
| ४ | १५१ देखि २५० कि. मी. सम्म | २,४००/- |
| ५ | २५१ देखि ३०० कि. मी. सम्म | ३,०००/- |

४. वार्षिक बाटो इजाजत पत्र दस्तुर र नवीकरण (सार्वजनिक सवारी साधनलाई मात्र)

| **क्र.स.** | **बाटो दुरी (कि.मि)** | **सवारीको वर्गीकरण र दस्तुर** | |
|---|---|---|---|
| | | **ठूला र मझौला बस मिनिवस आदि (रू.)** | **ठूला र मझौला ट्रक मिनिट्रक आदि (रू.)** |
| १ | १ देखि ५० कि.मि.सम्म | १७००/- | २०००/- |
| २ | ५१ देखि १०० कि.मि.सम्म | २,०००/- | २३००/- |
| ३ | १०१ देखि १५० कि.मि.सम्म | २,७००/- | ३०००/- |
| ४ | १५१ देखि २०० कि.मि.सम्म | ३,०००/- | ३३००/- |
| ५ | २०१ देखि २५० कि.मि.सम्म | ३,३००/- | ३६००/- |
| ६ | २५१ देखि ३०० कि.मि.सम्म | ३,९००/- | ४२००/- |
| ७ | ३०१ देखि ३५० कि.मि.सम्म | ४,२००/- | ४५००/- |
| ८ | ३५१ देखि ४०० कि.मि.सम्म | ४,५००/- | ४८००/- |
| ९ | ४०१ देखि ४५० कि.मि.सम्म | ५,०००/- | ५३००/- |
| १० | ४५१ देखि ५०० कि.मि.सम्म | ५,६००/- | ५,९००/- |
| ११ | ५०१ देखि ५५० कि.मि.सम्म | ६,३००/- | ६,६००/- |
| १२ | ५५१ देखि ६०० कि.मि.सम्म | ६,९००/- | ७,२००/- |
| १३ | ६०१ देखि ६५० कि.मि.सम्म | ७,५००/- | ७,८००/- |
| १४ | ६५१ देखि ७०० कि.मि.सम्म | ८,१००/- | ८,४००/- |
| १५ | ७०१ कि.मि.भन्दा माथि जतिसुकै | ९,३००/- | ९,६००/- |

**५. अर्धवार्षिक जाँचपास, प्रमाणपत्र तथा प्रदुषण स्टीकर तथा अन्य दस्तुर**

| **क्र सं** | **सवारी वर्गीकरण** | **दस्तुर रू.** |
|---|---|---|

| | | |
|---|---|---|
| १ | ठूला सवारी | ५००/- |
| २ | मझौला सवारी र साना सवारी | ४००/- |
| ३ | प्रदुषण स्टीकर दस्तुर | १००/- |
| ४ | सवारी चालक अनुमति पत्र प्रमाणीकरण दस्तुर | १,५००/- |
| ५ | सवारी चालक अनुमति पत्रको विस्तृत विवरणको प्रमाणित प्रतिलिपि दस्तुर बापत | २५०/- |
| ६ | सवारी चालक अनुमति पत्र विवरण सच्याई विस्तृत विवरणको प्रमाणित प्रतिलिपि दस्तुर बापत | २५०/- |
| ७ | चेकलिष्ट, ढड्डा, माइन्यूटको प्रमाणित प्रतिलिपि दस्तुर बापत | २५०/- |
| ८ | सवारी चालक अनुमति पत्रको प्रतिलिपी दस्तुर बापत | ५००/- |
| ९ | सि.सि टि.भी रेकर्ड हेर्ने र पुन प्रयोगात्मक परीक्षा दस्तुर | ५००/- |
| १० | लिखित तथा प्रयोगात्मक परीक्षाको पुनः परीक्षण दस्तुर | ५००/- |
| ११ | डोर मुकाम दस्तुर तराईमा रु. २०००/- पहाडमा रु. ३०००/- र हिमालमा रु. ६०००/- लाग्नेछ। | |
| १२ | बाटो इजाजत पत्र नवीकरण गर्ने समयमा सवारी जाँचपास प्रमाण पत्र पेस गर्नु पर्नेछ। | |

**६. सवारी साधन दर्ता र सवारी सरुवा दर्ता दस्तुर**

| क्र.सं. | सवारी वर्गीकरण | सवारीको किसिम | दस्तुर रु. |
|---|---|---|---|
| १ | ठूला सवारी | निजी | १,५००/- |
| | | सार्वजनिक | २,५००/- |
| २ | मझौला सवारी | निजी | १,०००/- |
| | | सार्वजनिक | १,५००/- |
| ३ | साना सवारी | क. कार, जीप, भ्यान, पिकअप, टेम्पो र पावरटिलर | |
| | | निजी | १,०००/- |
| | | सार्वजनिक | १,५००/- |
| | | ख.मोटर साइकल/स्कुटर | ५००/- |

## ७. सवारी साधन नामसारी सनाखत दस्तुर

| क्र.सं. | सवारीको वर्गीकरण | दस्तुर (रू) |
|---|---|---|
| १ | ठूला सवारी | १५००/- |
| २ | मझौला सवारी | १०००/- |
| ३ | साना सवारी | |
| | कार, जीप, भ्यान, पिकअप, टेम्पो, पावरटिलर | ८००/- |
| | मोटरसाइकल/स्कूटर | ५००/- |

**द्रष्टव्यः** (१) एक कार्यालयबाट सनाखत गरी अर्को कार्यालयबाट सेवा प्रदान हुने भएमा उल्लिखित दस्तुरमा पचास प्रतिशत थप दस्तुर लाग्नेछ।

(२) सनाखतको अवधि एक वर्षको लागि मान्य हुनेछ। सो अवधि पश्चात् प्रथम तीन महिनाको लागि एक हजार रुपैयाँ र सो अवधि पछि दुई हजार रुपैयाँ जरिबाना लाग्नेछ।

## ८. सवारी साधनको अस्थायी दर्ता दस्तुर

| क्र.सं. | सवारी वर्गीकरण | सवारीको किसिम | दस्तुर (रू.) |
|---|---|---|---|
| १ | ठूला सवारी | निजी | १०००/- |
| | | सार्वजनिक | १५००/- |
| २ | मझौला सवारी | निजी | ८००/- |
| | | सार्वजनिक | १२००/- |
| ३ | साना सवारी | | |
| | (क) कार, जीप, भ्यान, पिकअप, टेम्पो र पावरटिलर | | |
| | | निजी | ५००/- |
| | | सार्वजनिक | १,०००/- |
| | (ख) मोटर साइकल/स्कुटर | | |
| | | निजी | २००/- |
| | | सार्वजनिक | ३००/- |

## ९. विदेशमा दर्ता भएको सवारी साधन चलाउने अनुमति पत्रको दस्तुरः

| क्र.सं. | सवारी वर्गीकरण | दस्तुर (रू.) |
|---|---|---|
| १ | ठूला सवारी र मझौला सवारी | ५,०००/- |
| २ | साना सवारी | ३,०००/- |

**१०. सवारी साधनको दर्ता प्रमाणपत्र नवीकरण दस्तुरः**

| **क्र.सं.** | **सवारी वर्गीकरण** | **सवारीको किसिम** | **दस्तुर (रू.)** |
|---|---|---|---|
| १ | ठूला सवारी | निजी | ६००/- |
| | | सार्वजनिक | १०००/- |
| २ | मझौला सवारी | निजी | ५००/- |
| | | सार्वजनिक | ७००/- |
| ३ | साना सवारी | | |
| | कार, जीप, भ्यान, पिकअप, टेम्पो र पावरटिलर | | |
| | | निजी | ४००/- |
| | | सार्वजनिक | ५००/- |
| | मोटर साइकल/स्कुटर | | ३००/- |

**११. सवारी साधनको नामसारी दस्तुरः**

| **क्र.सं.** | **सवारी वर्गीकरण** | **सवारीको किसिम** | **दस्तुर (रू.)** |
|---|---|---|---|
| १ | ठूला सवारी | निजी | १०००/- |
| | | सार्वजनिक | २०००/- |
| २ | मझौला सवारी | निजी | ८००/- |
| | | सार्वजनिक | १५००/- |
| ३ | साना सवारी | | |
| | (क) कार, जीप, भ्यान, पिकअप, टेम्पो र पावर टिलर | | |
| | | निजी | ८००/- |
| | | सार्वजनिक | १०००/- |
| | (ख) मोटरसाइकल/स्कुटर | | |
| | | निजी | ५००/- |
| | | सार्वजनिक | ८००/- |

**१२. लगत कट्टा दस्तुरः**

| **क्र.सं.** | **सवारीको किसिम** | **दस्तुर (रू.)** |
|---|---|---|
| १ | चारपाङ्ग्रे | १,०००/- |
| २ | दुई पाङ्ग्रे | ५००/- |

**१३. यातायात सेवाको नाम पञ्जीकरण दस्तुरः**

| क्र.सं. | पूँजी | दस्तुर (रू.) |
|---|---|---|
| १ | रू. १५ लाखसम्म | २,०००/- |
| २ | रू.१५ लाखदेखि रू. ५० लाखसम्म | ५०००/- |
| ३ | रू. ५० लाखदेखि १ करोडसम्म | १०,०००/- |
| ४ | रु १ करोडभन्दा बढी जतिसुकै | १५,०००/- |

**१४. यातायात सेवा सञ्चालन गर्ने निकायको नवीकरण दस्तुरः**

| क्र.सं. | पूँजी | दस्तुर |
|---|---|---|
| १ | रू १५ लाखभन्दा कमको लागि | २,०००/- |
| २ | रू १५ लाखभन्दा बढी रू ५० लाखभन्दा कम | ५०००/- |
| ३ | रू ५० लाखभन्दा बढी रू १ करोडभन्दा कम | १०,०००/- |
| ४ | रू १ करोडभन्दा बढी जतिसुकै भएपनि | १५,०००/- |

**द्रष्टव्यः** थप गर्न प्रति सवारी साधनः- साना सवारी साधन रू. ८००/- मझौला सवारी साधन रू. १२००/- र ठूला सवारी साधन रू. १८००/- लाग्नेछ।

**१५. यातायात सम्बन्धी प्रशिक्षण केन्द्र, कारखाना र वर्कसप सञ्चालन अनुमति पत्र दस्तुर र नवीकरण दस्तुरः**

| क्र.सं. | पूँजी | अनुमति पत्र दस्तुर | नवीकरण दस्तुर |
|---|---|---|---|
| १ | रू २ लाखभन्दा कमको लागि | १५००/- | १०००/- |
| २ | रू २ लाखभन्दा बढी रू ५ लाखभन्दा कम | २०००/- | १५००/- |
| ३ | रू ५ लाखभन्दा बढी रू १० लाखभन्दा कम | ३०००/- | २५००/- |
| ४ | रू १० लाखभन्दा बढी जतिसुकै भएपनि | ४५००/- | ४०००/- |

**१६. सवारी साधन बिक्री शोरुम र रिकन्डिसन हाउस सञ्चालन अनुमति पत्र दस्तुर र नवीकरण दस्तुरः**

| क्र.सं. | स्थिर पूँजी | अनुमति पत्र दस्तुर (रू.) | नवीकरण दस्तुर (रू.) |
|---|---|---|---|
| १ | तीन करोड रुपैयाँसम्म (साना उद्योग) | ७,०००/- | ३,५००/- |
| २ | तीन करोडदेखि दश करोड रुपैयाँसम्म (मझौला उद्योग) | १०,०००/- | ५,०००/- |
| ३ | दश करोड रुपैयाँदेखि माथि (ठूला उद्योग) | ३०,०००/- | १५,०००/- |

१७. **विदेशमा दर्ता भएका सवारी साधनलाई गण्डकी प्रदेशमा प्रवेश गर्दा लाग्ने बाटो (रुट) इजाजत दस्तुरः**

| क्र.सं. | सवारीको किसिम | सात दिनसम्म प्रतिदिन लाग्ने दस्तुर (रू.) | सात दिन भन्दा बढी प्रति दिन लाग्ने थप दस्तुर (रू.) |
|---|---|---|---|
| १ | साना सवारी साधन | ५००/- | १,०००/- |
| २ | मझौला सवारी साधन | १,५००/- | २,०००/- |
| ३ | ठूला सवारी साधन | ३,०००/- | ३,५००/- |

<u>द्रष्टव्य</u>: विदेशमा दर्ता भई नेपालमा रुट इजाजत नलिएका सवारी साधनको हकमा मात्र।

१८. प्रदेशभित्र केबलकार स्थापना र सञ्चालन गर्दा केबलकारको प्रति डिब्बा दर्ता शुल्क रु.२,०००।- र वार्षिक नवीकरण शुल्क दर्ता शुल्कको पचास प्रतिशत लाग्नेछ ।

१९. पटके बाटो प्रति ५० कि.मि.को लागि इजाजत दस्तुर रू. १००/-, सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपी दस्तुर रू. ५००/-, जाँचपास प्रमाणपत्रको प्रतिलिपी दस्तुर रू. ५००/-, बाटो (रुट) प्रमाण पत्रको प्रतिलिपि दस्तुर रू. २००/-, प्रदुषण स्टिकर दस्तुर रू. १००/- र नेपालमा कायम भएको बाटोमा सञ्चालन गर्ने ठूला तथा मझौला, पर्यटक सवारी, संस्थानका सवारी र भाडाका ट्रकमा राष्ट्र्व्यापी बाटो इजाजत (National Permit) दस्तुर वार्षिक रू. २०,०००/-लाग्नेछ।

२०. गण्डकी प्रदेश अन्तर्गत यातायात व्यवस्था कार्यालय र सेवा कार्यालय नभएका जिल्लाहरुमा जिल्लास्थित पूर्वाधार विकास कार्यालय वा प्रदेश सरकारले तोकेका

अन्य प्रदेश कार्यालयहरुले नियमानुसार दस्तुर लिई अस्थायी पटके बाटो इजाजत (रुट परमिट) प्रदान गर्न सक्नेछन्। यसरी सङ्कलन गरिएको राजस्व रकम उक्त कार्यालयहरुले अभिलेख राखी प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकेको वाणिज्य बैङ्कमा राजस्व रकम दाखिल गर्नु पर्नेछ।

२१. नेपाल सरकार, गण्डकी प्रदेश सरकार र स्थानीय तहका नाममा दर्ता भएका सवारी साधनलाई भाडामा दर्ता भएका सवारी साधन सरह शुल्क लाग्नेछ ।तर नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहद्वारा सञ्चालित विद्युतीय सवारी साधन र भाडामा दर्ता भएका विद्युतीय सवारी साधनमा सवारी साधन कर लाग्ने छैन। पेट्रोलियम पदार्थ बाहेक अन्य इन्धनद्वारा सञ्चालन हुने सवारी साधनमा प्रचलित कानून बमोजिम लाग्ने सवारी साधन करमा बीस प्रतिशत छुट हुनेछ।

२२. सवारी साधनको भार वहन क्षमता र सडकको क्षमताभन्दा अधिक भार बोकेमा मालवाहक सवारीका सम्बन्धमा देहायको सुत्रका आधारमा तराईमा प्रति किलो मिटर पाँच रुपैयाँ र पहाडमा प्रति किलो मिटर दश रुपैयाँको दरले जरिबाना गरिनेछः-

"अधिक भार जरिबाना = Over weight (ton) x Distance (km) x per km Rate".

## अनुसूची-४

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

**मनोरञ्जन कर**

१. प्रदेशभित्र देहाय बमोजिमको मनोरञ्जनको क्षेत्रमा देहायबमोजिम कर लाग्नेछ:

| क्र.सं. | शीर्षक | करको दर |
|---|---|---|
| १ | चलचित्र घरमा चलचित्र प्रदर्शन गर्दा टिकट मूल्यको | ५ प्रतिशत |
| २ | क्यासिनोमा प्रवेश गर्ने ग्राहकबाट प्रति व्यक्ति | रु.१००। |
| ३ | भिडियोघर, कन्सर्ट, दोहोरी साँझ, डान्सबार तथा नाइटक्लब प्रवेश गर्ने ग्राहकबाट प्रतिव्यक्ति | रु. २५।- |
| ४ | सांस्कृतिक प्रदर्शन हल, थियटर/ नाटक घर, फनपार्क, वाटर गार्डेन, बालउद्यान, फुटसल, जुम्बा, मसाज, एवम् स्पा, जीपलाइन, बन्जिजम्प, स्वीमिङ पुल र पार्क प्रवेश गर्दा एकमुष्ठ प्रति टिकट मूल्यको | ५ प्रतिशत |

२. सर्कस, खेल मेला, जादु, चटके र विभिन्न प्रदर्शनीमा टिकट व्यवस्था भएकोमा टिकट मूल्यको ५ प्रतिशत र टिकटको व्यवस्था नभएकोमा देहाय बमोजिम दरमा मनोरञ्जन कर लाग्नेछ ।

| विवरण | अवधि | करको दर रू. |
|---|---|---|
| सर्कस, खेल, मेला महोत्सव, जादु, चटके | १ दिनसम्म | २०००।- |
| | ३ दिनसम्म | ५०००।- |
| | ५ दिनसम्म | ८०००।- |
| | ७ दिनसम्म | १२०००।- |
| | ८ देखि १५ दिनसम्म | २००००।- |
| | १६ देखि ३० दिनसम्म | ३००००।- |

३. तीस दिनभन्दा माथिका सर्कस, खेल, मेला, जादु, चटके र विभिन्न प्रदर्शनीमा अनिवार्य रुपमा टिकटको व्यवस्था गर्नु पर्नेछ।

४. टेलिभिजन, केवल नेटवर्कको हकमा शुल्कको एक प्रतिशत र डिस होम टि.भी.को हकमा रिचार्ज रकमको एक प्रतिशतका दरले मनोरञ्जन कर लाग्नेछ ।

५. गण्डकी प्रदेश सरकारका निकाय र स्थानीय तहबाट सञ्चालन हुने मेला महोत्सव, पार्क, साँस्कृतिक कार्यक्रम आदिमा अनुदान सहयोग गर्दा मनोरञ्जन कर दाखिला भएको कागजात पेस गर्नुपर्नेछ।

## अनुसूची – ५

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

### कृषि आयमा कर

१. वार्षिक दश लाख रूपैयाँसम्मको आयमा कर लाग्ने छैन।

२. त्यसपछिको दश लाख रुपैयाँदेखि बीस लाख रूपैयाँसम्मको आयमा एक प्रतिशतका दरले कर लाग्नेछ।

३. बीस लाख रुपैयाँभन्दा माथि जतिसुकै आय भए पनि दुई प्रतिशतका दरले कर लाग्नेछ।

४. वार्षिक दश लाख रुपैयाँभन्दा बढीको प्रारम्भिक कृषि उपजबाट आय आर्जन गर्नेले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सम्बन्धित केन्द्रमा स्वयम् कर घोषणा गरी आय विवरण र सोमा लाग्ने कर सहित पेस गर्नुपर्नेछ। यसरी पेस हुन आएका विवरण तथा कर दाखिला सम्बन्धी विवरण सम्बन्धित केन्द्रले अर्को महिनाको ३० गतेभित्र गण्डकी प्रदेश सरकार, आर्थिक मामिला मन्त्रालयमा पठाउनु पर्नेछ।

## अनुसूची–६

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

**पर्यटन शुल्क**

| क्र.सं. | शीर्षक | दर |
|---|---|---|
| १. | प्राचिन स्मारक तथा पुरातात्त्विक सम्पदा र संग्रहालय। | विदेशी तथा स्वदेशी पर्यटकलाई लाग्ने प्रवेश शुल्कको पाँच प्रतिशत। |
| २. | पदमार्ग | सार्क मुलुकका पर्यटकका लागि यु.एस. डलर ५ वा सो बराबर परिवर्तीय नेपाली मुद्रा र अन्य मुलुकका पर्यटकका लागि यु.एस. डलर १० वा सो बराबर परिवर्तीय नेपाली मुद्रा।(पदमार्ग बापतको शुल्क शुरु मार्गको स्थानीय तहबाट सङ्कलन गरिनेछ।) |
| ३. | वन क्षेत्र तथा तालतलैया, गुफा, पार्क, पिकनिक स्थल, भ्यू टावर, संरक्षण क्षेत्र, शिकार आरक्ष | विदेशी तथा स्वदेशी पर्यटकलाई प्रवेश शुल्कको पाँच प्रतिशत। |
| ४. | पर्यटकीय हवाई चार्टर्ड उडान, प्याराग्लाण्डिङ, अल्ट्रालाइट,बञ्जीजम्पिङ्,केवलकार,जीपफ्लायर, रक क्लाइम्बिङ र क्यानोनिङ | विदेशी तथा स्वदेशी पर्यटकलाई लाग्ने शुल्कको पाँच प्रतिशत। |
| ५. | पर्यटक सेवा शुल्क | प्रदेश सरकारले पर्यटक सेवा सूचना केन्द्र स्थापना गरी उपलब्ध गराउने सेवामा विदेशी पर्यटकको हकमा प्रति पर्यटक एक हजार रूपैयाँ र स्वदेशी पर्यटकलाई दुई सय रूपैयाँका दरले सेवा शुल्क लाग्नेछ। |

**विविधः**

१. प्रचलित कानून बमोजिम दर्ता भई गण्डकी प्रदेशभित्र सञ्चालनमा रहेका ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीले नवीकरण गर्नुपर्ने म्याद समाप्त भएको मितिले पैंतिस दिनभित्र तोकिएको दस्तुर तिरी आफ्नो इजाजतपत्र नवीकरण गरेमा थप दस्तुर लाग्नेछैन।

२. गण्डकी प्रदेश सरकारको लगानीमा निर्माण भएका तथा लगानी भएका संग्रहालयको विषयगत मन्त्रालयले सूचीकृत गरी स्थानीय तहको समन्वयमा प्रवेश शुल्क लिनु पर्नेछ।

अनुसूची - ७

**(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)**

**माटो, ढुङ्गा, गिट्टी, बालुवा स्लेट, चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा, अभ्रख र दहत्तर बहत्तरको सङ्कलनमा लाग्ने शुल्क**

| क्र. सं. | विवरण | इकाई | न्यूनतम दर (रुपैयाँमा) |
|---|---|---|---|
| १ | माटो (स्वीकृत खानी क्षेत्र बाहेकमा) | प्रति घन फिट | ३.५०/- |
| २ | ढुङ्गा, चुनढुङ्गा, खरिढुङ्गा गिट्टी, ग्राभेल, रोडा, बालुवा | प्रति घन फिट | ९/- |
| ३ | स्लेट (स्वीकृत खानी क्षेत्र बाहेकमा) | प्रति वर्ग फिट | ९/- |
| ४ | दहत्तर बहत्तर सामग्रीको बिक्री मूल्यमा दश प्रतिशत शुल्क लाग्नेछ। | | |
| ५ | क्रमसङ्ख्या १ को घाटगद्दी एवम् बिक्री (स्वीकृत खानी क्षेत्र बाहेक)को शुल्क रु ३।५० प्रति क्यू फिट दर तोकिएकोमा धेरै मात्रामा माटो प्रयोग हुने उद्योग जस्तो इट्टा उद्योगहरुलाई उद्योगको क्षमताको आधारमा सम्बन्धित स्थानीय तहले वार्षिक रुपमा शुल्क निर्धारण गर्न सक्नेछ। यसरी वार्षिक शुल्क निर्धारण गर्दा जोडिएका स्थानीय तहहरुसँग समेत आवश्यक समन्वय गर्नु पर्नेछ । | | |
| ६ | व्यक्तिको निजी जग्गाबाट माटो बिक्री गर्दा जग्गा धनीले नै कति घनफिट माटो बिक्री गर्ने हो यकिन गरी सम्बन्धित स्थानीय तहमा निवेदन गर्नु पर्नेछ। सो सम्बन्धमा सम्बन्धित स्थानीय तहको कार्यपालिकाले निर्णय गरी वार्षिक रुपमा एकमुष्ट शुल्क लिने गरी व्यवस्था मिलाउनु पर्नेछ।सार्वजनिक जग्गा तथा स्थान बाहेक व्यक्तिको स्वामित्वमा रहेको निजी जग्गाको माटो उत्खनन् गर्दा स्थानीय तहले निम्न कुरामा विचार गरेर मात्र स्वीकृत दिनु पर्नेछः<br>(क) साँध सीमानामा पर्ने जग्गा धनीको लिखित स्वीकृति भएको हुनु पर्नेछ।<br>(ख) माटो उत्खननबाट प्राकृतिक स्रोतको दुरुपयोग, भौगोलिक संरचना मानवीय बासस्थान, सार्वजनिक तथा व्यक्तिगत भवन लगायतको संरचना, सडक, कुलो, नहर, साँध सीमानामा रहेको | | |

| | |
|---|---|
| | छिमेकीको जग्गाको संरचना आदिमा कुनै किसिमको असर नपर्ने हुनु पर्नेछ। |
| ७. | अनुमति लिई सञ्चालनमा रहेका सिमेन्ट उद्योगलाई क्रमसङ्ख्या २ बमोजिम शुल्क लाग्ने छैन। |

**<u>द्रष्टव्यः</u>** स्थानीय तहले तोकिएको दरमा दुईपटक ठेक्का आह्वान गर्दा समेत ठेक्का नलागेमा कार्यपालिकाको बैठकबाट निर्णय गराई उल्लिखित दरको बीस प्रतिशतसम्म थपघट गरी पुनः ठेक्का आह्वान गर्न सकिनेछ।

अनुसूची –८

(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

**नदीजन्य पदार्थ प्रशोधन गरी ढुङ्गा, गिट्टी, बालुवा, धुलो, ग्राभेल उत्पादन गर्ने उद्योगमा लाग्ने शुल्क**

| क्र. सं. | विवरण | शुल्क |
|---|---|---|
| १. | नदीजन्य पदार्थ प्रशोधन उद्योग दर्ता शुल्क | |
| | (क) ठूला उद्योग<br>(ख) मझौला उद्योग<br>(ग) साना उद्योग | १ लाख रुपैयाँ<br>७५ हजार रुपैयाँ<br>५० हजार रुपैयाँ |
| २. | नदीजन्य पदार्थ प्रशोधन उद्योग नवीकरण शुल्क (वार्षिक) | |
| | (क) ठूला उद्योग<br>(ख) मझौला उद्योग<br>(ग) साना उद्योग | ३० हजार<br>२० हजार<br>१० हजार |

अनुसूची - ९

(दफा ८ को उपदफा (३) सँग सम्बन्धित)

**माटो, ढुङ्गा, गिट्टी, बालुवा, स्लेट, चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा, अभ्रख, र दहत्तर बहत्तरको उत्खनन, सङ्कलन र प्रशोधन वा विक्री वितरणमा यस ऐनको उल्लङ्घन गरेमा लाग्ने जरिबाना**

| क्र. सं. | कसूरको किसिम | जरिबाना |
|---|---|---|
| १. | नदीको बहाव वा पानी बगेको क्षेत्रमा प्रवेश वा उत्खनन् वा सङ्कलन गरेमा (प्रति मेशिन वा साधनको) | |
| | (क) मेशिन, स्काभेटर र व्याक होल्डर<br>(ख) ट्रिपर वा ट्रक<br>(ग) मिनी ट्रक<br>(घ) ट्याक्टर | २५ हजार रुपैयाँ<br>१५ हजार रुपैयाँ<br>१० हजार रुपैयाँ<br>५ हजार रुपैयाँ |
| २. | बिना अनुमति मेशिनरी औजार प्रयोग गरी उत्खनन् वा सङ्कलन गरेको पाइएमा | २५ हजार रुपैयाँ |
| ३. | तोकिएको भन्दा बढी गहिराइमा उत्खनन् गरेमा | ३० हजार रुपैयाँ |
| ४. | तोकिएको भन्दा बढी सङ्ख्यामा मेशिन प्रयोग गरेमा (प्रति मेशिन) | २० हजार रुपैयाँ |
| ५. | बिहान ६ बजे अघि र बेलुकी ६ बजे पश्चात् उत्खनन् वा सङ्कलन कार्य गरेमा | क्रम सङ्ख्या १ बमोजिमकै जरिबाना |
| ६. | नदीको बहाव परिवर्तन गरी उत्खनन् गरेमा (प्रति मेशिन वा साधन) | २० हजार रुपैयाँ |
| ७. | निषेधित क्षेत्रमा स्रोत साधन उत्खनन् वा सङ्कलन गरेमा | ३० हजार रुपैयाँ |
| ८ | क्रसर उद्योगबाट निष्कासित फोहोर पानी प्रशोधन नगरि नदीमा मिसाइएमा प्रति पटक | २ हजार रुपैयाँ |
| ९. | राजमार्ग र मुख्य सडकको अधिकार क्षेत्रमा सङ्कलन वा सञ्चय गरेमा | ३० हजार जरिबाना गरी प्रति घनमिटर २१ रुपैयाँ ६६ पैसा थप जरिबाना। |

| | | |
|---|---|---|
| १० | क्रमसङ्ख्या १ देखि ९ सम्मको कसूर दोहोर्‍याएमा | तोकिएको रकममा २५ प्रतिशत थप दण्ड। |
| ११. | पानी, हिलो, धुलो वा गिट्टी चुहाउँदै, उडाउँदै वा झार्दै नदीजन्य स्रोतको ढुवानी गरेमा | ३ हजार रुपैयाँ प्रतिपटक, पटकेमा दोब्बर तेब्बर हुँदै जाने। |
| १२. | प्रत्येक पटकको ढुवानीमा राजस्व तिरेको निस्सा र चलान पुर्जा साथमा रहेको नभेटिएमा (अप्रशोधित सामाग्रीका हकमा) | ३ हजार रुपैयाँ प्रतिपटक, पटकेमा दोब्बर, तेब्बर हुँदै जाने। |
| १३. | प्रशोधित ढुङ्गा, गिट्टी, बालुवा, धुलोका हकमा प्रत्येक पटकको दुवानी कार्यमा प्रशोधन उद्योगबाट जारी भएको छुट्टै भ्याट बिल तथा चलान पुर्जा साथमा रहेको नभेटिएमा | ३ हजार रुपैयाँ प्रतिपटक, पटकेमा दोब्बर तेब्बर हुँदै जाने। |
| १४. | निजी जग्गाको अप्रशोधित सामाग्रीको ढुवानीका हकमा स्थानीय तहले जारी गरेको उत्खनन् अनुमतिपत्र, प्रत्येक पटकको चलान पुर्जा र राजस्व तिरेको निस्सा साथमा नभेटिएमा | ५ हजार रुपैयाँ प्रतिपटक, पटकेमा दोब्बर, तेब्बर हुँदै जाने |
| १५. | प्रचलित कानूनले अनुमति दिएको वा क्षमता भन्दा बढी ढुवानी गरेमा | ५ हजार रुपैयाँ प्रतिपटक, पटकेमा दोब्बर, तेब्बर हुँदै जाने। |
| १६. | रुट तोकिएको भए तोकिदिएको बाहेकको रुट, समय, गति वा सङ्ख्यामा ढुवानी गरेमा | ५ हजार रुपैयाँ प्रतिपटक, पटकेमा दोब्बर, तेब्बर हुँदै जाने। |
| १७ | जिल्ला अनुगमन समितिले मौज्दात प्रमाणित गर्दा खरिद बिक्री परिमाणमा हिसाब मिलान नभएर कैफियत देखिएमा सो बराबरको परिमाणमा जरिबाना | २१ रूपैया ६६ पैसा प्रति घनफिट |
| १८ | खानीजन्य पदार्थको ढुवानी गर्दा प्रत्येक ५ हजार पटकको ढुवानीमा खानी सञ्चालक वा खानीजन्य उद्योगको चलान पुर्जा बिना ढुवानी गरेमा वा तोकिएको रुटभन्दा अन्यत्रबाट उत्खनन् गरिएको पदार्थ ढुवानी गरेमा | ५ हजार रुपैयाँ प्रतिपटक, पटकेमा दोब्बर, तेब्बर हुँदै जाने |

| | | |
|---|---|---|
| १९. | नदीजन्य प्राकृतिक स्रोत प्रशोधन उद्योगले प्रचलित कानून वा मापदण्ड विपरीत क्रसिङ, वासिङ वा अन्य प्रशोधन कार्य गरेमा वा सो कार्य गर्ने उद्योग सञ्चालन गरेमा (वार्षिक जरिबाना) | ठूला उद्योग ३० हजार रुपैयाँ, मझौला उद्योग २० हजार रुपैयाँ र साना उद्योग १० हजार रुपैयाँ। |
| २०. | कुनै निकायमा दर्ता नभई नदीजन्य प्राकृतिक स्रोत प्रशोधन उद्योग सञ्चालन गरेमा वार्षिक दण्ड जरिबाना (सुरुमिति देखि गणना हुनेगरी हालसम्म) | ठूला उद्योग ३० हजार रुपैयाँ, मझौला उद्योग २० हजार रुपैयाँ र साना उद्योग १० हजार रुपैयाँ। |
| २१. | कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता गरेतापनि सम्बन्धित निकायबाट इजाजत नलिई नदीजन्य प्राकृतिक स्रोत प्रशोधन उद्योग सञ्चालन गरेमा बार्षिक दण्ड जरिबाना (सुरुमिति देखि गणना हुनेगरी हालसम्म) | ठूला उद्योग ३० हजार, मझौला उद्योग २० हजार र साना उद्योग १० हजार रुपैयाँ। |
| २२. | कम्पनी दर्ता गरी इजाजत लिई उद्योग सञ्चालन गरे तापनि सम्बन्धित निकायबाट इजाजत नवीकरण नगरी उद्योग व्यवसाय सञ्चालन गरेमा बार्षिक दण्ड जरिबाना (इजाजत नवीकरण नभएको वर्षदेखी गणना हुने गरी) | ठूला उद्योग ३० हजार रुपैयाँ,मझौला उद्योग २० हजार रुपैयाँ र साना उद्योग १० हजार रुपैयाँ। |

**स्पष्टीकरणः** "दहत्तर, बहत्तर भन्नाले" नदी खोल्सा खोल्सी, वन क्षेत्र वा सार्वजनिक वा निजी जग्गाबाट उत्खनन वा सङ्कलन गरिने बहुमूल्य पत्थर, ऐतिहासिक र साँस्कृतिक महत्त्वका शालिग्राम, शीला र अति मूल्यवान वस्तु बाहेकका नदीले बगाई ल्याएको वा थिग्रिएको ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, काठ, कुकाठ, दाउरा, जराजुरी जस्ता नदीजन्य तथा खानीजन्य प्राकृतिक स्रोतलाई सम्झनु पर्छ।

अनुसूची –१०

(दफा ८ को उपदफा (८) सँग सम्बन्धित)

**वनपैदावार बिक्रीमा लाग्ने शुल्क**

| क सं | शीर्षक | इकाई | दर रु. |
|---|---|---|---|
| १ | नदी तथा खोलाले बगाएर ल्याएको काठ | प्रति क्यू फिट | वन नियमावली, २०७९ मा तोकिए बमोजिमको दर। |
| २ | नदी तथा खोलाले बगाएर ल्याएको जराजुरी | प्रति किलोग्राम | ३/- |
| ३ | (क) निजी वनबाट कटान भई बिक्री हुने गोलिया काठमा छोडपूर्जि हुँदाका बखत प्रति क्यूबिक फूट दुई रुपैयाँका दरले प्रदेश सेवा शुल्क लगाई डिभिजन वन कार्यालयले सङ्कलन गर्नु पर्नेछ ।<br>(ख) प्रदेशभित्रको सबै खाले राष्ट्रिय वनको काठ स्वीकृत कार्ययोजना बमोजिम उपभोक्ताको आन्तरिक खपत बाहेक अन्यत्र बिक्री गर्दा प्रति क्यू फिट लिलाम सकार मूल्यको दुई प्रतिशतका दरले प्रदेश सेवा शुल्कको रुपमा छोडपूर्जी जारी गर्दा डिभिजन वन कार्यालयले सङ्कलन गर्नु पर्नेछ। | | |

अनुसूची - ११

दफा १० को उपदफा (१) सँग सम्बन्धित

**शैक्षिक परामर्श सेवा, पूर्व तयारी कक्षा र भाषा सिकाई केन्द्रको सञ्चालन दर्ता तथा नवीकरण शुल्क**

| क सं | दर्ता तथा नवीकरण | राजस्व दस्तुर कायम हुने समय अवधि | दस्तुर |
|---|---|---|---|
| १. | शैक्षिक परामर्श तथा भाषा शिक्षण केन्द्र दर्ता तथा अनुमति | (क) कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको आर्थिक वर्षभित्र अनुमति माग निवेदन पेस भएमा | रु. ५०००/- |
| | | (ख) कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको आर्थिक वर्षभन्दा पछिल्ला आर्थिक वर्षको लागि चालु आर्थिक वर्षमा पेस हुन आएमा हरेक आर्थिक वर्षको लागि प्रति आर्थिक वर्ष | रु. ५०००/- र ढिला भएको आर्थिक वर्षको लागि प्रत्येक आर्थिक वर्ष जरिबाना रु. ५०००/- |
| २. | शैक्षिक परामर्श तथा भाषा सिकाई केन्द्र नवीकरण | (क) प्रत्येक वर्ष साउन देखि असोज मसान्त भित्र नवीकरण दरखास्त पेस भए | रु. ५०००/- |
| | | (ख) असोज मसान्तभन्दा पछि सोही आर्थिक वर्ष भित्र दरखास्त पेस भए दोब्बर दस्तुर | रु. १००००/- |
| | | (ग) सो अवधिभन्दा पछि प्रतिवर्ष दस्तुर | रु. १५०००/- |

अनुसूची -१२

दफा १० को उपदफा (२) सँग सम्बन्धित

**निर्माण सामग्री परीक्षण (प्रयोगशाला) सम्बन्धी शुल्क**

सेवा सुविधाको विवरण र शुल्क

| सि.नं. | परीक्षण | इकाई | सेवा शुल्कको प्रस्तावित दर रेट |
|---|---|---|---|
| (क) | **Cement & Concrete** | | |
| १ | Compressive Strength of Concrete Cube Test | Per Cube | २५० |
| २ | Slump Test of Concrete Mix | Number | १०० |
| ३ | Making Concrete Cube (15 x 15 x 15 Cm) | Per Cube | २७५ |
| ४ | Normal Consistency of Cement | Set | ४५०० |
| ५ | Fineness Test | | |
| ६ | Soundness Test | | |
| ७ | Setting Time of Cement | | |
| ८ | Making Mortar Cubes (70.7 mm x 70.7mm x 70.7mm) ( Standard sand) | Per Cube | ४५० |
| ९ | Mortar Cubes (70.7 mm x 70.7mm x 70.7mm) ( Standard sand) | Per Cube | २७५ |
| (ख) | **Soil & Aggregate** | | |
| १० | Flakiness Index Test | Number | ८५० |
| ११ | Elongation Index Test | Number | |
| १२ | Aggregate Crushing Value (ACV) | Number | ८०० |

| | | | |
|---|---|---|---|
| १३ | Aggregate Impact Value | Number | ७५० |
| १४ | Sieve Analayasis | Number | १००० |
| १५ | Sodium Sulphate Soundness (5 Cycle) | Number | २५०० |
| १६ | Sand Equivalent | Number | ९५० |
| १७ | Sampling From Surface, Base, Subase & Subgrade | Number | ५०० |
| सि.नं. | परीक्षण | इकाई | सेवा शुल्कको प्रस्तावित दर रेट |
| १८ | Specific Gravity of Coarse Aggregate | Number | ८५० |
| १९ | Unit Weight | Number | ६०० |
| २० | Loss Angeles Abrasion Test | Number | १००० |
| २१ | Field Density Test | Per Hole | ६०० |
| २२ | Measurement of Pavement Thickness (Core Cutting) | Per Hole | ५०० |
| २३ | Moisture Content of Soil | Number | ८०० |
| २४ | Bulking of sand | Number | ८०० |
| २५ | Organic Impurities | Number | ५०० |
| २६ | Specific Gravity Test of Fine Aggregate | Number | ११०० |
| २७ | Determination of Liquid Limit and Plastic Limit | Number | १५०० |
| २८ | Moisture Density Relationship By Proctor Method | Number | २२०० |
| २९ | CBR Test (Soaked) | Number | ३००० |

| | | | |
|---|---|---|---|
| (ग) | **Brick Test** | | |
| ३० | Compressive Strength of Brick (per 3 sample) | Number | १५०० |
| ३१ | Water Absorption of Brick | Number | ६०० |
| (घ) | **Tensile Strength Test** | | |
| ३२ | 8 mm -19 mm | Piece | २१०० |
| ३३ | 20 mm- 40 mm | Piece | २३०० |
| (ङ) | **GI Wire Test** | | |
| ३४ | Zinc Coating of G.I Wire | Per Piece | ४५० |
| ३५ | Tensile Strength of G.I Wire | Per Piece | ३०० |
| ३६ | Uniformity of Zinc Coating | Per Piece | ३०० |
| (च) | **Bitumin Test** | | |
| ३७ | Determination of Bitumen Content (1 Kg big bowl) | Number | ३००० |
| सि.नं. | परीक्षण | इकाई | सेवा शुल्कको प्रस्तावित दर रेट |
| ३८ | Flash Point Test | Number | ३०० |
| ३९ | Absolute Viscosity at 60ºC | Number | १६०० |
| ४० | Penetration at 25ºC, 100 gm, 5 s, 0.1 mm, | Number | ४०० |
| ४१ | Kinematic Viscosity at 135ºC | Number | १६०० |
| ४२ | Solubility in trichloroethylene | Number | ६५० |
| ४३ | Softening Point Test | Number | ५८० |

| | | | |
|---|---|---|---|
| ४४ | Test on residue from rolling thin film oven test: | | |
| (i) | Viscosity ratio Test | Number | २००० |
| (ii) | Ductility Test | Number | २००० |
| ४५ | Mixed Design | | |
| (i) | Up to M25 | | २५००० |
| (ii) | M30 | | ३०००० |
| (iii) | M35 | | ३२००० |
| (iv) | M40 | | ३५००० |
| (v) | M45 | | ३५००० |
| ४६ | Marshall Mix Design on Asphalt Concrete | | ३०००० |

प्रमाणीकरण मितिः-२०८०।०३।३१

आज्ञाले,
शम्भु राज रेग्मी
प्रदेश सरकारको सचिव

मुद्रकः गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय। मूल्य रु. १००।-